




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com








❖ वर्ष ३५ ❖ २०७८ भदौ २८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 13 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७


## अक्सिजन प्लान्ट सञ्चालनमा अझै दुई साता लाग्ने

प्रस, वीरगंज, २७ भदौ/

नारायणी अस्पताल वीरगंजमा जडान गरिएको अक्सिजन प्लान्ट




सञ्चालनको लागि अझै दुई साता समय लाग्ने भएको छ।

ट्रान्सफर्मर जडान नभएको कारण अक्सिजन प्लान्ट सञ्चालन नगरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्रबहादुर प्रधानले बताए । उनले अस्पतालको विद्युतीय वायरिङ पुरानो भएको र हालको ट्रान्सफर्मरले भार क्षमता थेग्न नसकेको कारण नयाँ ट्रान्सफर्मर जडानको लागि बाटो कुरेर बसेको बताए। उनले अस्पतालमा पाँच सय केभिएको ट्रान्सफर्मर जडानको लागि नगरप्रमुख विजयकुमार सरावगीको पहलमा सूर्य नेपाल प्रालिले ट्रान्सफर्मर जडान गर्न लागेको र सोको लागि केही समय लाग्ने बताए।

मेसु डा प्रधानले ट्रान्सफर्मर जडान हुनासाथ अक्सिजन प्लान्ट सञ्चालनमा आउने बताए । अक्सिजन प्लान्ट सञ्चालनको लागि अस्पतालको आकस्मिक कक्ष, अब्जरभेशन, सर्जिकल, मेडिकल, आइसियू, सिसियू, बाल अतिसघन कक्षलगायतका ठाउँमा अक्सिजन पाइपलाइन जडान भइसकेको बताए। उनले प्रसूति वार्डलगायत केही ठाउँमा मात्र पाइपलाइन जडान गर्न बाँकी रहेको र सोमा पनि दाताहरूकै सहयोगबाट जडानको लागि पहल भइरहेको बताए।

हाल अक्सिजन प्लान्ट सञ्चालनमा नआउँदा अस्पतालमा दैनिक ५० देखि ६० वटा सिलिन्डर खपत भइरहेको छ।

ट्रान्सफर्मर जडान हुनासाथ पाइपलाइनबाट अक्सिजन प्रवाह हुने उनले बताए।

सूर्य नेपालका जेनेरल मेनेजर प्रभाकर विक्रम शाहले ट्रान्सफर्मर जडानको लागि सम्पूर्ण खर्च पुग्ने गरी महानगरपालिकालाई रु २४ लाखको चेक हस्तान्तरण गरिएको बताए । उनले आफ्नो दायित्व पूरा भएको र अब महानगरले सो कार्य गर्नुपर्ने बताए।

नगरप्रमुख सरावगीले ट्रान्सफर्मर जडानको लागि टेन्डर प्रकाशन र ठेकेदारसँग सम्झौता गर्नेसम्मको काम सम्पन्न भइसकेको बताए। उनले भदौ १८ गते यससम्बन्धी सम्झौता भएको र २० दिन अवधिमा ट्रान्सफर्मर जडान हुने आश्वासन पाएको बताए।

अक्सिजन प्लान्टको गत भदौ १६ गते उद्घाटन भइसकेको छ। सांसद विमलप्रसाद श्रीवास्तवले संसदीय विकास कोषबाट प्लान्ट जडानको लागि रु २ करोड उपलब्ध गराएका थिए । बाँकी सम्पूर्ण खर्च नगरप्रमुख सरावगीको पहलमा विभिन्न दाताहरूले उपलब्ध गराएका हुन्।

## कारबाई प्रक्रिया अगाडि बढाउन प्रदेश वन मन्त्रालयको निर्देशन

जीतलाल श्रेष्ठ, निजगढ, २७ भदौ/

वन क्षेत्रभित्र वन कार्यालयको सहमतिविना निजगढ नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरणको लागि ठेक्का सूचना प्रकाशित गरे पनि वन ऐन र कानूनको परिधि नाघेर उत्खनन, सङ्कलन गरे कारबाही गर्न डिभिजन वन कार्यालय बारालाई प्रदेश वन मन्त्रालयले पत्राचार गरेको छ। यही भदौ २२ गते डिभिजन वन कार्यालय बारालाई उद्योग, पर्यटन तथा वन मन्त्रालय प्रदेश नं २ जनकपुर, धनुषाले प्रदेश सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ र

(बाँकी पाँचौं पातामा)




डिभिजन वन कार्यालय बारालाई निर्देशनसहितको प्रदेश वन मन्त्रालयको पत्र। तस्वीर: जीतलाल श्रेष्ठ

## मास्क नलगाउनेले सेवा नपाउने प्रदेशको निर्णय

प्रस, जनकपुरधाम, २७ भदौ/

प्रदेश–२ प्रदेश सरकारले मास्कको प्रयोग नगर्ने सेवाग्राहीलाई सेवा प्रवाह नगर्ने निर्णय गरेको छ।



आइतवार सम्पन्न प्रादेशिक कोभिड सङ्कट व्यवस्थापन केन्द्रको बैठकले सो निर्णय गरेको हो।

"मास्क प्रयोग नगर्नेलाई सेवा नदिने निर्णय भएको छ। 'नो मास्क, नो सर्भिस' अभियान चलाउने निर्णय गरेका छौं," प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले सञ्चारकर्मीको जिज्ञासामा बताए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाए अनुसार प्रदेशमा कोरोना सङ्क्रमितहरूको सङ्ख्यामा कमी आएको बैठकले ठहर गरेको छ। सङ्क्रमितको सङ्ख्यामा कमी आए पनि सर्वसाधारणले मास्कको प्रयोग गर्न बेवास्ता गरिरहेकाले पुनः महामारी फर्कन सक्ने सम्भावनालाई

(बाँकी अन्तिम पातामा)


अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको अधिकार तथा अपाङ्गमैत्री संरचना निर्माणका बारेमा निर्माण कम्पनीहरू, डिजाइनर वा इन्जिनीयरहरूमा चेतना जगाऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com





स्वदेशको श्रम, नेपाली उद्यम - १००% कर्जा, व्याजदर कम

नेपाली उद्यमीहरूलाई आत्मनिर्भर बनाउन र स्वदेशको आर्थिक उन्नतिमा प्रत्यक्ष योगदान दिन, हामीले सरल र सुलभ प्रक्रियाबाट प्राप्त हुने साना तथा मझ्यौला उद्यमशील कर्जा योजना ल्याएका छौं।




विस्तृत जानकारीका लागि २४सै घण्टा खुला हाम्रो ग्राहक सेवा केन्द्रको फोन नम्बर +९७७ १ ४७८१८००, इमेल: MSME.NP@sc.com वा नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस्।

इमेल:

standard chartered

*शर्तहरु लागु हुनेछन्।

## विचारसार र सूक्तिहरू

**एउटा शान्त मन चुनौतीहरूका खिलाफ सबैभन्दा ठूलो हतियार हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# जनताले उनैलाई भोट दिन्छ

**कुनै कार्य–व्यापारबाट लाभ हुँदैन भने त्यसमा लगानी किन गरिरहने ? व्यक्तिको कुरा गर्ने हो भने कोहीकोही मनमौजी स्वभावका हुन्छन् । अनावश्यक ठाउँमा पनि खर्च गरिरहन्छन् । आफ्नो सम्पत्ति जसरी खर्च गरे पनि कसैलाई के चासो ? तर सरकार भनेको त जनताद्वारा निर्वाचित हो । उसले गर्ने लगानी जनताबाट उठेको कर हो । यस अर्थमा सरकारी कोष जनताको पैसाबाट बनेको हो । यस कोषको रकम अनावश्यक काममा कसरी खर्च गर्ने ? तर जनता त कृषक हो । नेपालको ६० प्रतिशतभन्दा बढी जनता कृषिमा आश्रित छ । ठाडै कृषिमा लगानी गर्न सकिन्न भन्ने नीति सरकारले ल्याउन सक्दैन । त्यसैले घुमाउरो पाराले कृषिकर्मबाट जनतालाई विमुख गराउने अनेक प्रपञ्च गरिरहन्छ । होइन भने बालीनाली निखनिसकेर कृषक फुर्सदमा भएको बेला सरकार र यसका विभिन्न निकाय ‘अब देशमा मलको अभाव हुने छैन’ भन्ने र बेलामा कृषकले कहिल्यै मल नपाउने, पाए दोब्बर दाममा र अपुग हुनेगरी, आफ्नै प्रयासमा भारतबाट ल्याउँदा सीमा सुरक्षाका लागि बसेका विभिन्न सुरक्षा निकायले मल खोस्ने, दुःख दिने किन गर्थे ?**

**सरकारलाई थाहा छ कृषिबाट लाभ छैन, भएभरका नेपाली विदेश जाऊन्, दुःखजिलो गरेर पैसा कमाऊन् र रेमिटचान्सको रूपमा सरकारको अर्थ व्यवस्था चलोस् । कुनै काम सजिलो तरीकाले हुन्छ भने त्यसका लागि अप्ठ्यारो बाटो किन हिंड्ने ? विदेशमा काम गर्नका लागि नेपालीलाई न शिक्षा चाहिन्छ, न सीप चाहिन्छ । मात्र बलियो पाखुरी र ज्यान फाल्ने आँट भए पुग्छ । पाखुरीमा बल र ज्यान फाल्ने आँटमा नेपाली नागरिक विश्वका कुनै पनि नागरिकभन्दा सक्षम छन् । त्यसैले त आज देशको प्रत्येक परिवारबाट कम्तिमा एकजना वैदेशिक रोजगारमा गएको छ । पाखुरीमा बल हुने विदेश लाग्यो । अब कृषिकर्मको लागि चाहिने पाखुरीको बल कहाँबाट ल्याउने ? आधुनिक उपकरणले कृषि गर्न नेपालीले जानेको छैन । भूमिसुधार ल्याएर जग्गा खण्डीकरण भइसकेको छ । अब कृषि त्यही परम्परागत तरीकाले हुने न हो ! अनि किन कृषिकर्म गरिरहनुपर्‍यो ? राजनेताहरूलाई विदेशमा औषधोपचार गर्न पुग्ने कोषको रकम कृषकहरूका लागि मल खरीद गर्न किन खर्च गर्ने ? जनता लाटो–सोझो छ, आफ्नै हैसियतले विदेश जान्छ, रोजगार खोज्छ, साँगुरो कोठामा गुम्सिएर पैसा जोगाउँछ, अरबको मरुभूमिमा उँट चराउँछ, सके राम्रै पैसा कमाउँछ, नसके उसको लाश देश आउँछ । यी सारा क्रियाकलापमा सरकारको के बित्छ ?**

**नेपाली जनता अति सोझो छ । सरकारमा बस्नेहरू भने अति छट्ट । त्यसैले पर्सा जिल्लाको पटेर्वासुगौलीका कन्हैयालाल यादव दोब्बर मूल्यमा मल खरीद गरेको गुनासो गर्छन् । ८ सय रुपियाँमा पाइने मल १३ सय रुपियाँमा किन्नुपरेको दुःख रुन्छन् । रुनु नै नियति हो नेपाली जनताको । त्यो रुनुको कारण पनि आफैं हुन् । किनकि उनको दुःख–दर्द नबुझ्ने, आफ्नै मात्र स्वार्थ हेर्ने नेताहरूलाई उनीजस्तै लाखौं नेपालीले भोट दिएर जिताएका हुन् । नेताहरू जितेपछि देशको, जनताको काम गर्न होइन; कैयौंपटक मन्त्री बन्न, सबैभन्दा धेरैपटक प्रधानमन्त्री बन्न रडाँको मचाउँछन् । एकैपटक मन्त्री बनेर, प्रधानमन्त्री बनेर देश र जनताको लागि अविस्मरणीय काम गर्दैनन् । उनीहरूलाई थाहा छ काम नगरे पनि जनताले भोट दिने त उनीहरूलाई नै हो ।**

# बेरोजगार उन्मूलनमा शिक्षाको भूमिका

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**शिक्षालाई रोजगारसँग गाँसेर बेरोजगारी र अन्य सामाजिक–आर्थिक समस्या समाधान गर्न सकिन्छ । नीति निर्माताहरू र आम मानिसले बढीभन्दा बढी जागीर निर्माणको लागि सीप हासिल गरेर सामूहिक प्रयास गर्नुपर्ने खाँचो छ ।**

“घर की दीवार भी अब टूटकर मुँह चिढा रही, बेरोजगारी के जश्न में सबको शरीक होना था।” बेरोजगारीको पीडालाई बयान गर्दै यो पङ्क्तिले के भनिरहेको छ भने अब त घरको पर्खाललाई पनि आउँदो पुस्ताको लागि रोजगारको प्रतीक्षा छ। बेरोजगार आज नेपालको मात्र नभई विश्वकै सबैभन्दा ठूलो सामाजिक–आर्थिक समस्यामध्ये एक हो। कोरोना महामारीले गर्दा दुईपटकको लकडाउनले विश्वको आर्थतन्त्रलाई नराम्ररी प्रभावित गरेको छ र यसबाट नेपाल पनि अछूतो छैन। कोभिड–१९ ले गर्दा नेपालमा पनि धेरै मानिसलाई बेरोजगारको सामना गर्नुपरिरहेको छ। कार्य अनुभव र आयको निश्चित क्षेत्रको अनुपस्थितिले निर्धनतालाई जन्माउँछ । त्यसपछि गरीबी र बेरोजगारको यो दुश्चक्र सदैव चलिरहन्छ । राम्रो अवसरको खोजीमा युवाहरू गाउँ, प्रदेश वा देशबाट पलायन हुन बाध्य हुन्छन् । पलायनको परिणामस्वरूप उनीहरूको शोषण हुने प्रशस्त सम्भावना हुन्छ । बेरोजगारले गर्दा एकातिर युवाहरूमा नकारात्मक भावको वृद्धि हुन्छ भने अर्कोतिर भ्रष्टाचारको समस्या दिनानुदिन बढोत्तरी हुन थाल्छ। बेरोजगारले राष्ट्रिय अर्थव्यवस्थाको प्रगतिमा पनि प्रतिकूल प्रभाव पार्दछ ।

बेरोजगारी भनेको त्यो हो, जो बजारमा प्रचलित मजदूरी दरमा काम गर्न चाहन्छ तर काम पाउँदैन । देश अनुसार यो परिभाषा पनि बेग्लाबेग्लै हुन्छ । जस्तै अमेरिकामा यदि कुनै व्यक्तिलाई उसको योग्यताको आधारमा जागीर पाउँदैन भने त्यो बेरोजगारी हो। बेरोजगारी पनि कैयन प्रकारको हुन्छ। जस्तै शिक्षित, अशिक्षित, मौसमी र अल्प–बेरोजगारी, तर केही मानिस यस्ता हुन्छन् जो शारीरिक श्रम गर्दा आफूले प्राप्त गरेको शिक्षाको बेइज्जती ठान्छन्। यस्ता व्यक्ति आफ्नो सोचले गर्दा बेरोजगारी हुन्छन् । हिजोआज यस्ता बेरोजगारीको सङ्ख्यामा वृद्धि भएको देखिन्छ। यसबाहेक हाम्रो देशमा मौसमी बेरोजगारीहरूको सङ्ख्या पनि बढी नै छ।

युवाहरू बेरोजगारी हुनुको मूल कारण अशिक्षा र रोजगारमूलक सीपको अभाव हो । बेरोजगार र गरीबी उन्मूलनको सबैभन्दा सशक्त माध्यम शिक्षा नै हो । शिक्षा, व्यापक अर्थमा करीब हरेक सामाजिक–आर्थिक समस्याको समाधान बन्न सक्छ तर बेरोजगार उन्मूलनमा यसको भूमिका सर्वोपरि छ । यदि नेपालको शिक्षा प्रणालीलाई तल्लो तहदेखि माथिल्लो तहसम्म सशक्त बनाइयो भने रोजगार समस्या समाधान गर्न सजिलो हुन्छ । विडम्बना के छ भने हाम्रो देशको शिक्षा नीतिले देशको समस्या समाधान गर्नुको साटो दाता देशहरूको समस्या समाधान गर्ने उद्देश्य बोकेको छ। त्यहीं अर्कोतिर हरेक कुरामा विद्यालय बन्द गर्ने संस्कृति मौलाएको छ भने शिक्षाभन्दा बढी विद्यालयलाई राजनीतिक थलो बनाइएको छ । यस कारण प्राथमिक तहमा अवधारणा विकास र माथिल्लो तहमा देश सुहाउँदो रोजगारमूलक सीप विकासमा ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ । सँगसँगै सीप विकासमा आधारित शिक्षा प्रणाली विकसित गर्ने खाँचो छ ।

प्राचीन कालमा शिक्षा औपचारिक शिक्षण संस्थानबेगर दिइन्थ्यो तर कालान्तरमा शिक्षा शिक्षण संस्थानको माध्यमले दिन थालियो। पहिले मानिसको सिकाइ प्रकृति, परिवेश, आफ्नो अनुभव र जीवन सङ्घर्षको माध्यमले हुन्थ्यो । शिक्षाको संस्थानीकरण भएपछि भेदभाव पनि शुरू भयो । हाम्रो देशमा विद्यालय तहदेखि नै शिक्षामा भेदभाव देखा पर्छ। सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई हरेक प्रकारको सुविधा प्रदान गरिएको छ तर निजीमा पढ्ने विद्यार्थीहरूलाई त्यो सुविधा प्रदान गरिएको छैन । त्यहीं अर्कोतिर एउटै विद्यालयमा दुई माध्यमबाट पढ्ने विद्यार्थीहरूबीच भेदभाव गरिन्छ । शिक्षामा यस प्रकारको आरक्षणले गर्दा मेधावी विद्यार्थीहरू जागीर नपाएर पलायनको लागि बाध्य हुने गरेका छन्। हुन त शिक्षा सबैलाई समानरूपले प्रदान गर्नुपर्ने हो र गरिन्छ पनि, तर त्यसलाई ग्रहण गर्ने व्यक्ति विशेषको मानसिक क्षमतामा भर पर्न थालेको छ। यसबाट सबैको योग्यता फरक देखिन थालियो र यस्ता मानिसहरूको सङ्ख्यामा वृद्धि हुन थाल्यो ।

पछि उनीहरूले आफ्नो योग्यता अनुरूप काम गर्न पाएनन् भने उनीहरू बेरोजगारीको श्रेणीमा सामेल हुँदै गए। हुन त शिक्षित वा अशिक्षित मानिस बेरोजगारी हुनु ‘उत्पादन प्रणाली’सँग जोडिएको मुद्दा मानिन्छ। वर्तमान समयमा शिक्षालाई सबैको लागि सुलभ बनाइएको छ तर शिक्षा हासिल गरेपछि सबैलाई सजिलै रोजगार प्राप्त भइरहेको छैन । यस कारण शिक्षा हासिल गरेको आधारमा नै जागीर पाउनु आवश्यक छैन । बेरोजगारी एउटा सापेक्षिक अवधारणा हो र शिक्षाद्वारा बुझाइलाई विकसित गरिन्छ जसबाट चेतनामा वृद्धि हुन्छ। यस कारण बेरोजगार र शिक्षालाई दुई भिन्न प्रकारको दृष्टिकोणले हेर्नु आवश्यक छ किनभने बेरोजगारी समस्याको वास्तविक समाधान रोजगार सिर्जनामा नै निहित छ ।

यहीं महात्मा गाँधीको प्रासङ्गिकता बढेको देखिन्छ किनभने उनले ‘चर्खा’लाई आधुनिक मशीनी सभ्यताको विकल्पमा प्रस्तुत गरेका थिए । गाँधीजी भन्दथे– “हाम्रो देशमा बढी उत्पादन होइन, धेरै हातद्वारा उत्पादन चाहिन्छ ।” उनले ठूलठूला उद्योगको साटो लघु उद्योगमाथि जोड दिए । वर्तमान समयमा नेपाली अर्थ व्यवस्था मन्द गतिले विकास गर्ने अर्थ व्यवस्थामा सामेल छ । देशको आर्थिक दरलाई तीव्र गति प्रदान गर्नको लागि दक्ष र सीपयुक्त मानव श्रम आवश्यक छ। वर्तमान समयमा कोरोना महामारीले गर्दा बेरोजगारीहरूको सङ्ख्या बढेको छ र मानिसका सामु जीविकाको प्रश्न उपस्थित भएको छ। सँगसँगै यस आपदाको बेला सीपयुक्त श्रमको आवश्यकतामा पनि वृद्धि भएको छ । तर विडम्बना के छ भने नेपालजस्तो मुलुकमा सीपयुक्त मानवीय स्रोतको कमी छ। यसबाहेक के पनि देखिएको छ भने आधुनिक उद्योगको लागि चाहिने योग्यताको अभाव नेपाली युवामा रहेको छ। यस परिवेशमा के आवश्यक छ भने युवाहरूलाई विभिन्न प्रकारका सीपमूलक प्रशिक्षण र रोजगारमूलक शिक्षा प्रदान गरियोस् । यस समस्याको समाधानका लागि समय–समयमा यस सम्बन्धमा चर्चा पनि गरिन्छ तर शिक्षामा राजनीति, दलगत भागबन्डाको आधारमा शिक्षकहरूको नियुक्ति, विद्यालयहरूमा दरबन्दीको अभाव, नेताहरूमा शिक्षाप्रतिको बुझाइमा कमी, शिक्षकहरूलाई शिक्षणविपरीत कार्यमा प्रयोग आदिले गर्दा शिक्षामा ल्याइएका अधिकांश कार्यक्रम असफल हुने गरेको सबैसामु छर्लङ्ग छ।

शिक्षा बेरोजगारी उन्मूलन गर्ने एकमात्र माध्यम हो तर के पनि हेर्नुपर्छ भने कति मानिसले गुणस्तरीय शिक्षा हासिल गरिरहेका छन् ? शिक्षा प्राप्ति पछि उनीहरूले रोजगार पाइरहेका छन् कि छैनन् ? शिक्षित बेरोजगारीको समस्या कुनै पनि राष्ट्रको अर्थ व्यवस्थाको लागि राम्रो मानिंदैन। वर्तमानमा नेपाल पनि शिक्षित बेरोजगारीको समस्याबाट ग्रस्त छ। यस परिप्रेक्ष्यमा अशिक्षितहरूको लागि शिक्षा र शिक्षितहरूको लागि क्षमता अनुसार रोजगारको अवसर प्रदान गर्ने पर्याप्त प्रयास गर्नुपर्छ । नेपालमा व्यवसाय प्रधान शिक्षाको अभाव छ । आज लघु उद्योगलाई प्रोत्साहन र रोजगारको नयाँ अवसरको खोजी गर्ने खाँचो छ। बेरोजगार उन्मूलनका लागि सीप विकासमाथि ध्यान दिनु आवश्यक छ । नेपालमा बेरोजगारी समस्याको एउटा कारण के पनि रहेको छ भने शिक्षा व्यवस्थामा साक्षरतालाई नै विशेष महत्त्व तथा व्यावसायिक–प्राविधिक शिक्षाको उपेक्षा ।

वर्तमान भूमण्डलीकरणको समयमा शिक्षा व्यवस्थाको स्वरूप कस्तो हुनुपर्छ र आधारभूत संरचनात्मक संसाधनको प्रकृति कस्तो हुनुपर्छ भन्ने कुरामा गम्भीरतापूर्वक विचार गर्नु आवश्यक छ। यो एउटा विवादको पनि विषय हो । प्रायः के देखिएको छ भने सामुदायिक विद्यालयमा पढ्ने प्राथमिक कक्षाका विद्यार्थीहरूसँग न्यूनतम सामान्य ज्ञान पनि हुँदैन तर संस्थागतमा पढ्ने विद्यार्थीहरूसँग त्यस तहको लागि चाहिने पर्याप्त सामान्य ज्ञान हुन्छ । यस प्रकार प्राथमिक तहमा नै असमान शिक्षा प्रणालीले दुई भिन्न मानसिक स्तर र योग्यता भएको विद्यार्थी जन्माउँछ, जसलाई जागीर प्राप्त गर्नका लागि भविष्यमा एउटै प्रतियोगिता परीक्षामा प्रतिस्पर्धी बन्नुपर्छ। माध्यमिक तह र प्लस टूमा पढाइ हुने पाठ्यक्रममा जमीन–आसमानको अन्तर छ । त्यहाँ पढाउने शिक्षकहरूको योग्यता, क्षमता र तलब पनि वर्तमान समयको माग अनुरूप छैन । त्यहीं अर्कोतर्फ नेपाल बाहिरको शिक्षा बोर्डबाट निस्कने विद्यार्थी अपेक्षितरूपमा नेपाली विद्यार्थीभन्दा फराकिलो सोच बोकेको हुन्छ। त्यहाँको पाठ्यक्रम ठूलठूला उद्योगहरूलाई चाहिने जनशक्ति केन्द्रित हुन्छ तर हाम्रो पाठ्यक्रम देश सुहाउँदो जनशक्ति केन्द्रित छैन । यसरी माध्यमिक स्तरमा पनि असमान प्रतिभा र योग्यता भएका विद्यार्थीहरूको एउटा वर्ग तयार हुन्छ जसलाई सामुदायिकमा दिइने सुविधाको आधारमा आरक्षण प्रदान गरिन्छ र त्यसबाट वञ्चित विद्यार्थीहरू पलायनका लागि बाध्य हुन्छन् ।

यस परिप्रेक्ष्यमा के आवश्यक छ भने प्राथमिक तहदेखि उच्च तहसम्म समान शिक्षा प्रणाली लागू गरियोस्। शिक्षालाई धन्धा बनाउन खोलिएका संस्थागत विद्यालय र संस्थागत विद्यालयले राम्रो गर्न थालेपछि सामुदायिकमा दुवै माध्यमबाट विद्यालय सञ्चालन गर्न दिने तर एउटासँग शुल्क लिने र अर्कोसँग नलिने जस्ता विभेदकारी नीति सच्याएर एउटै प्रकारको विद्यालय प्रणाली लागू गरिएपछि धनी र गरीब दुवै परिवारका केटाकेटीहरूको मानसिक योग्यता समान हुन्छ । त्यसैगरी विद्यालयमा पढाउने शिक्षकहरूका लागि पनि निरन्तर मूल्याङ्कन प्रक्रिया लागू गर्नु आवश्यक छ। विद्यालयहरूलाई अत्याधुनिक संसाधन जस्तै कम्प्यूटर, प्रोजेक्टर, स्मार्टबोर्ड, वाइफाईयुक्त बनाउने खाँचो छ । यस दिशाामा नेपालमा प्रयास पनि भइरहेको छ तर ‘कमीशन’को गोलचक्करमा भए–गरिएका प्रयास बालुवामा पानी हालेजस्तो भइरहेको छ ।

नेपालमा बेरोजगारी समस्या लामो समयदेखि चलिरहेको छ। नेपालले लागू गरेको कार्यक्रमहरूबाट चाहिएजति उपलब्धि हासिल भइरहेको छैन। शिक्षा समाजमा आमूल परिवर्तन ल्याउने एउटा अस्त्र हो तर त्यसलाई उपलब्धिमूलक बनाउन कुशल सञ्चालन तथा निश्चित लक्ष्य निर्धारण गर्नु आवश्यक छ । शिक्षालाई रोजगारसँग गाँसेर बेरोजगारी र अन्य सामाजिक–आर्थिक समस्याको समाधान गर्न सकिन्छ। नीति निर्माताहरू र आम मानिसले बढीभन्दा बढी जागीर निर्माणको लागि सीप हासिल गरेर सामूहिक प्रयास गर्नुपर्ने खाँचो छ ।

# मानवसेवाको उजेलीकरणले अर्को मानवसेवा गरेको छ

पाठक प्रतिक्रिया

शनिवार ‘वाटिका’मा राजेश मिश्रको लेख ‘जय मानवसेवा’ पढें । चन्द्रकिशोरको लेख नआउँदा वाटिका खल्लो लाग्न थालेकोमा राजेश मिश्रले खल्लोपन भरिदिए । पर्सा जिल्लाका व्यक्ति, संस्था र पर्व टिपेर पर्सेली परिवेशमा पस्कने उनको तरीका धेरै मन पर्छ ।

पश्चिममा नारीको सेवा, करुणा र ममत्वको पहिचान अस्पतालमा भयो। महिलाले बिरामीको सेवा जति गर्न सक्छन्, त्यति पुरुषले सक्दैन । त्यसैले नर्स र महिला पर्यायवाची बन्यो । आजभोलि पुरुष पनि नर्स बन्ने चलन चलेको छ । नारीले जस्तो सेवा पुरुषले कदापि गर्न सक्दैन। सानु एयर होस्टेसको जागीर छाडेर आएकी छन् । उनलाई थाहा होला जहाजमा सिढी उक्लँदै गर्ने यात्रुलाई हात जोरेर नमस्कार र चकलेट दिनु कति कृत्रिम र वैश्य–संस्कृतिको बाध्यता हो ? यहाँ टुहुरालाई मुस्कान र चकलेट दिनु कति नैसर्गिक र वास्तविक । कृत्रिमताबाट नैसर्गिकतातर्फ उनको फड्को अवश्य सफल हुनेछ। उनी अब रामजी अधिकारीको छत्रछायामा होइन, प्रत्यक्ष रामको छत्रछायामा पुगेकी छन् ।

**परहित सरिस धरम नहीं भाई।**
**परपीडा सम नहीं अधमाई ॥**

तर यहीं एउटा खतराबाट अवगत गराउन चाहन्छु । शुरूमा कुनै पनि चैरिटी संस्था साफ–सुथरा र नैसर्गिक हुन्छ तर पछि धनलोलुप र लोभीपापीको चङ्गुलमा फस्छ । मुजफ्फरपुरको बालिकागृह यसको ताजा उदाहरण हो, जसमा स्वयम् मन्त्रीले राजीनामा दिनुपरेको थियो। मन्त्री पनि महिला नै थिइन् । सबै महिला कहाँ ‘सानु र मुना’ जस्ता हुन्छन् ? मानवसेवा यस्ता खतराप्रति सतर्क रहनुपर्छ। एउटा टुहुरोको आशीर्वादले जीवन धन्य बनाइदिन्छ। एउटा बालिकाको श्रापले रौरव नर्कमा पुर्‍याइदिन सक्छ। देवेश मतलब देवहरूको पनि देव। त्यही चरित्र चरितार्थ हुनुपर्छ । मानवसेवालाई ‘हाइलाइट’ गरिदिएकोमा लेखकलाई धन्यवाद !

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# भन्सार बिन्दुमा भेइकल स्क्यानर जडान गर्न निर्देशन

काठमाडौं, २७ भदौ/रासस

अर्थमन्त्री जनार्दन शर्माले प्रमुख भन्सार बिन्दुमा यथाशीघ्र सवारीसाधनको परीक्षण गर्ने ‘भेइकल स्क्यानर’ जडान गर्न निर्देशन दिएका छन् । भन्सार विभागले आयोजना गरेको दुई दिने भन्सार व्यवस्थापन गोष्ठीलाई आइतवार सम्बोधन गर्दै उनले भेइकल स्क्यानर जडानको प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिएका हुन् । सो प्रणाली जडान भएपछि भन्सार बिन्दुमा आउजाउ गर्ने सवारीसाधनमा लोड भएका मालवस्तु ‘म्यानुअली’ चेकजाँच गर्नुपर्दैन । उनले मालवस्तुको वर्गीकरण र मूल्याङ्कनमा इमानदारिता कायम गरी राजस्व सङ्कलन वृद्धि गर्न कर्मचारीलाई आग्रह गरे ।

कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनीले भन्सार प्रशासनले तीन ‘स’को अवधारणामा काम गर्न आग्रह गरे । सुधार, सहजीकरण र सुशासनको अवधारणालाई आत्मसात् गरी काम गर्नुपर्नेमा उनले जोड दिए । उनले सरुवाका लागि कुनै पनि दल, नेता वा सङ्गठनको फोन लगाउने कार्य तत्काल बन्द गर्न निर्देशन दिए । उनले सरुवाका लागि फोन गराइ दबाब सिर्जना गर्ने कर्मचारीको माग सुनुवाइ नहुने स्पष्ट पारे । “त्यसरी फोन सोर्सफोर्स लगाउने कर्मचारीले आफ्नो इन्टिग्रेटीमा कम्प्रोमाइज गरिसकेको हुन्छ, इन्टिग्रेटी गुमाइसकेका कर्मचारीले कस्तो काम गर्छन्, त्यो आफैं बुझ्नुहुन्छ,” उनले भने ।


तस्वीरः फाइल

राजस्व सचिव कृष्णहरि पुष्करले सेवाग्राहीले कर्मचारीको इमानदारितामाथि कुनै पनि प्रकारका प्रश्न उठाउन नसक्ने गरी काम गर्न निर्देशन दिए । उनले सेवाग्राहीका गुनासालाई तत्काल सम्बोधन गर्नेगरी काम गर्नुपर्नेमा जोड दिए । नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले प्रतिस्थापन विधेयकमार्फत स्वदेशी उद्योगको संरक्षण र प्रोत्साहन गर्नेगरी नीति आएकामा सरकारलाई धन्यवाद दिए । उनले करको दर हेरफेरमा निजी क्षेत्रको सुझाव समेटिएको भन्दै खुशी व्यक्त गरे ।

उनले स्वदेशी उद्योगलाई प्रोत्साहन गर्न कच्चा पदार्थ आयातमा तयारी वस्तुको तुलनामा दुई तह कम दरको कर लगाउनुपर्नेमा जोड दिए । भन्सार विभागका महानिर्देशक नारायणप्रसाद सापकोटाले लक्ष्य अनुसारको राजस्व सङ्कलन गरिने प्रतिबद्धता व्यक्त गरे । उनले सदाचारलाई शिरमा तथा राष्ट्रहितलाई छातीमा राखेर काम गर्न मातहतका कार्यालय प्रमुख तथा कर्मचारीलाई निर्देशन दिए ।

# नेप्सेमा उच्च अङ्कको वृद्धि, नौ कम्पनीको शेयरमा सर्किट

काठमाडौं, २७ भदौ/रासस




धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार कारोबार मापक नेप्से ७१.४३ अङ्कले बढेर दुई हजार ९४७.४२ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापक ‘सेन्सेटिभ इन्डेक्स’ १३.०३ बिन्दुले बढेर ५४८.२९ मा पुगेको छ । कुल २३१ कम्पनीको एक करोड ७१ लाख ३३३ कित्ता शेयर रु नौ अर्ब ४४ करोड ३५ हजार २४४ मूल्यमा खरीद–बिक्री भए ।

कारोबार भएका १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोषको मात्रै ०.०५ बिन्दुले ओरालो लागेको छ । बैंकिङ २४.२, व्यापार ४२, होटल तथा पर्यटन ७७.४८, विकास बैंक २७२.५२, जलविद्युत् २१३.५४, वित्त ११४.९७, निर्जीवन बीमा ४२४.७७, उत्पादन २९९.६९, अन्य १८.२२, लघुवित्त ११३.६५, जीवन बीमा २९७.७१ र लगानी २.३५ बिन्दुले उकालो लागेको छ ।

कारोबारका आधारमा आज अरुण भ्याली हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु ७३ करोड ७७ लाख आठ हजार ६८५ बराबरको कारोबार भयो । युनाइटेड मोदी रु ४५ करोड ११ लाख १७ हजार २२९, अपि पावर कम्पनी रु ३१ करोड ५१ लाख ६४ हजार २३६, नेशनल हाइड्रोपावर रु २९ करोड ३४ लाख ७७ हजार २२३ र माथिल्लो तामाकोशी जलविद्युत् कम्पनी रु २५ करोड ७२ लाख १३ हजार १७४ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

# पोखरियामा एमालेको वडा भेला

प्रस, पोखरिया, २७ भदौ/

नेकपा एमालेको पोखरिया नगरपालिका–६ श्रीसियामा वडा भेला सम्पन्न भएको छ ।

भेलाले भुपदार मियाँको अध्यक्षतामा ३६ सदस्यीय वडा कमिटी गठन गरेको छ । कार्यक्रम संविधानसभा सदस्य राजकुमार गुप्ताको प्रमुख आतिथ्यमा भएको थियो भने अर्का संविधानसभा सदस्य प्रद्युम्न चौहान, नगर अध्यक्ष भगवानप्रसाद कुर्मीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण नगर सचिव सन्तोष गिरीले गरेका थिए ।



तस्वीरः प्रतीक

# प्रदेश २ को प्रमुख प्रतिपक्षी दलमा लोसपा

प्रस, जनकपुरधाम, २७ भदौ/

महन्थ ठाकुर नेतृत्वको नयाँ दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) प्रदेश २ प्रदेशसभामा प्रमुख प्रतिपक्षी दल बन्ने पक्का भएको छ । जनता समाजवादी पार्टी (जसपा) विभाजन भएर बनेको लोसपा प्रदेशका सत्तारूढ दलहरूबाहेक ठूलो दल बनेकोले प्रमुख प्रतिपक्षी दलको स्थान पाउने भएको हो ।

जसपा विभाजनपछि प्रदेश २ मा लोसपा दल रोज्ने प्रदेशसभा सदस्यको सङ्ख्या १६ पुगको छ । प्रदेशसभामा १०७ जना सदस्य रहेकामा माओवादी केन्द्रले तीनजना हटाएपछि हाल १०४ जना कायम छन् । त्यसमध्ये सभामुखबाहेक जसपाका ३९ जना सांसद छन् ।

त्यसैगरी, काङ्ग्रेसका १९, लोसपाका १६, नेकपा एकीकृत समाजवादीका १३, माओवादी केन्द्र र एमालेका ८/८ जना र नेपाल सङ्घीय समाजवादीका एकजना सांसद छन् । सांसद सङ्ख्या अनुसार हाल प्रदेशसभामा जसपा पहिलो, काङ्ग्रेस दोस्रो, लोसपा तेस्रो, नेकपा एकीकृत समाजवादी चौथो, साथै एमाले र माओवादी केन्द्र पाँचौं ठूला दल बनेका छन् ।


महन्थ ठाकुर । तस्वीरः फाइल

सोमध्ये जसपा, काङ्ग्रेस, माओवादी केन्द्र सरकारमा सहभागी छन् । नेकपा एकीकृत समाजवादी पनि सरकारमा सहभागी हुने तयारीमा छ ।

काङ्ग्रेस सरकारमा सहभागी भएपछि लोसपाले प्रमुख प्रतिपक्षीको स्थान पाउने पक्का भएको हो ।

निर्वाचन आयोगले दल गठन भएको औपचारिक जानकारी गराइसकेपछि गठित दलले दल मान्यताको प्रमाणसहित प्रदेशसभामा दाबी गरेमा सोही दिनदेखि दलका नेता र प्रमुख सचेतकको सेवासुविधा सरकारले उपलब्ध गराउने प्रदेश २ का प्रदेशसभा सचिव रञ्जीत यादवले बताए ।

लोसपाका नेता परमेश्वर साहले आफ्नो दलको बैठक जतिसक्दो चाँडै बसेर संसदीय दलको विधान निर्माण गर्ने र दलका नेता तथा प्रमुख सचेतक, सचेतक चयन गरिने बताए ।

# नेकपा एकीकृत समाजवादीले संसदीय दलको नेता छान्यो

प्रस, मकवानपुर, २७ भदौ/

नेकपा एकीकृत समाजवादी वाग्मती प्रदेश, संसदीय दलले दलको नेता चयन गरेको छ । सो दलको नेतामा राजेन्द्र पाण्डे चयन भएका छन् ।

एमालेबाट विभाजनपछि माधव नेपालको नेतृत्वमा नवगठित नेकपा एकीकृत समाजवादीमा १३ जना प्रदेश सांसदले सनाखत गरेको नामावलीसहित निर्वाचन आयोगले दल विभाजनको आधिकारिकपत्र प्रदेशसभा सचिवालयमा प्राप्त भएपछि आइतवार बसेको संसदीय दलको बैठकबाट पाण्डे सर्वसम्मत दलको नेता चयन भएको सो पार्टीले जनाएको छ ।

१३ जनामध्ये ज्येष्ठ सदस्य सांसद माधव पौडेलको अध्यक्षतामा बसेको दलको पहिलो बैठकले पाण्डेलाई संसदीय दलको नेता चयन गरेको हो । सम्पन्न बैठकले नेता चयन गर्नुपूर्व संसदीय दलको विधान पारित गरेको थियो ।

बैठकले अष्टलक्ष्मी शाक्य नेतृत्वको प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय पनि गरेको नेता पाण्डेले सञ्चारकर्मीलाई जानकारी दिए ।

नेकपा एकीकृत समाजवादी आधिकारिकरूपमा प्रदेशसभामा दर्ता भएसँगै वाग्मती प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलको सङ्ख्या सात पुगेको छ ।

१३ जना सांसदसहित नेकपा एकीकृत समाजवादी प्रदेशसभामा चौथो ठूलो दल हो । वाग्मती प्रदेशमा एमाले पहिलो ठूलो दलको हैसियतमा छँदैछ । माओवादी केन्द्र दोस्रो र काङ्ग्रेस तेस्रो ठूलो दलका रूपमा छन् ।

# पोखरिया नगरपालिकाद्वारा महिलालाई बीउ र पोषण सामग्री वितरण

प्रस, वीरगंज, २७ भदौ/

बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोखरिया नगरपालिकाका १० वटै वडाका ९६६ जना महिलालाई तरकारीको बीउ वितरण गरिएको छ ।

वडा नं १ देखि १० सम्मका ९६६ जनालाई प्रतिमहिला रु ३५५ को दरले तरकारीको बीउ वितरण गरिएको नगरपालिकाले जनाएको छ ।

रु ३ लाख ४३ हजारको बीउ वितरण गरिएको पोखरिया नगरपालिकाले जानकारी गराउँदै महिलाहरूको लागि तरकारीको बीउ उपयोगी हुने बताए । पोखरिया नपाले बजारमा बिक्री हुने कीटनाशक औषधि प्रयोग भएको तरकारीभन्दा बारीमा फलेको तरकारी स्वस्थकर हुने भन्दै नगरपालिकाका महिलाहरूलाई तरकारीखेती गर्न उत्प्रेरित गरेको जनाएको छ ।

यसैगरी, पोखरिया नगरपालिकाले नगर क्षेत्रका ९६६ जना गर्भवती महिलालाई बहुक्षेत्रीय पोषण अन्तर्गत १६ लाख ५७ हजार रुपैयाँको सामग्री वितरण गरेको छ । प्रतिगर्भवती महिला रु १७१५ बराबरको प्रोटीन पाउडर एक डिब्बा, एचबी सिरप, सतावरी, अन्डा एक क्यारेट वितरण गरेको हो ।

गर्भवती भए/नभएको बारे वडा तहमा परीक्षण गरेर पोजेटिभ आएका महिलाहरूलाई सो सामग्री वितरण गरिएको नगरपालिकाले जनाएको छ ।




यो कार्यक्रम अन्तर्गत पोखरिया नपाले रु ३३ लाख ५ हजार रकम विनियोजित गरेको थियो तर निषेधाज्ञाको कारण समयमा काम शुरू नहुँदा बाँकी रकम फ्रिज भएको थियो ।

# सप्तरीको हनुमाननगरमा भौतिक उपस्थितिमा पठनपाठन शुरू

प्रस, सप्तरी, २७ भदौ/

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकामा आइतवारदेखि भौतिक उपस्थितिमा विद्यालयको पठनपाठन शुरू भएको छ । कोरोनाको महामारी कम भएको भन्दै सप्तरी जिल्ला प्रशासन कार्यालयले विद्यालय सञ्चालन गर्न स्थानीय तहलाई जिम्मा दिएपछि हनुमाननगर र भारदह क्षेत्रका विद्यालय खुलेका हुन् ।

सप्तरीका राजविराजमा प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको अध्यक्षतामा बसेको जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिको बैठकबाट विद्यालय सञ्चालन गर्ने जिम्मा स्थानीय तहलाई दिएको थियो । सोहीअनुरूप हनुमाननर कङ्कालिनी नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयहरूमा स्वास्थ्य मापदण्ड पालना गरी पठनपाठन शुरू गरिएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ ।


तस्वीरः फाइल

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रकुमार यादवले सूचना जारी गर्दै कोभिड–१९ का कारण बन्दाबन्दीले लामो समयदेखि बन्द रहेका विद्यालयमा विद्यार्थीहरूलाई भौतिकरूपमा नै उपस्थित गराएर पठनपाठन शुरू गर्ने निर्णय भएको भन्दै कोभिड–१९ बाट जोगिन स्वास्थ्य सुरक्षा मापदण्डको पूर्णरूपमा पालना गर्न आग्रह गरिएको छ । आजबाट कक्षा ४ देखि १२ कक्षासम्मका बालबालिकाहरूलाई भौतिकरूपमा उपस्थित गराइ कक्षा सञ्चालन गरिएको हो ।

कक्षा ४ भन्दा साना कक्षाका लागि अवस्था हेरेर छिट्टै निर्णय गरिने नगर शिक्षा शाखाले जनाएको छ ।

# एकै रात तीनवटा घरमा चोरी

प्रस, सिम्रौनगढ, २७ भदौ/

सिम्रौनगढ नगरपालिका–७ खजानीमा गएराति तीनवटा घरमा एकैपटक चोरी भएको छ ।

मध्यरातमा भरोसी दास, धर्मेन्द्र दास र वीरेन्द्र मुखियाको घरमा चोरी भएको हो । तीनवटै घरमा सेन (प्वाल) खनेर चोरी भएको हो । पीडित तीनजनाले करीब तीन लाख मूल्यबराबरको चोरी भएको दाबी गरेका छन् ।


बारा निजगढस्थित शक्ति खोलामा बल्छीले माछा मार्दै वृद्ध । तस्वीरः तिवारी यादव

# खेर जाने बिजुलीको बजार खोज्दै प्राधिकरण

–रमेश लम्साल

काठमाडौं, २७ भदौ/रासस

राष्ट्रिय प्रणालीमा माथिल्लो तामाकोशीको बिजुली जोडिएपछि रातको समयमा झन्डै ४०० मेगावाट बिजुली खेर गएको छ। दिउँसो पनि २०० मेगावाट बिजुली जगेडामा परेको छ।

कुनै समय एक युनिट बिजुलीका लागि पनि ठूलो सङ्घर्ष गर्नुपरेको थियो। यतिबेला वर्षाको मौसम पनि छ। सोही कारण प्रणालीमा बिजुली फालाफाल छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार माथिल्लो तामाकोशी जोडिएपछि वर्षाकालमा मुलुक बिजुलीमा आत्मनिर्भर भएको छ।

आत्मनिर्भर भए पनि ठूलो मात्रामा दैनिक बिजुली खेर जाँदा त्यसले राम्रो गरेको छैन। दैनिक रु चार करोड बराबरको घाटा प्राधिकरणलाई लागिरहेको छ। यस्तो बेला बढी भएको बिजुली भारततर्फ निर्यात गर्नु नै नेपालको हितको विषय हुन जान्छ। तर, भारत सरकारको तर्फबाट कुनै सहमति प्राप्त हुन सकेको छैन। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले हालै गरेको भारत भ्रमणका क्रममा बढी भएको बिजुलीको सहज बजार प्रवेशका लागि भारतीय अधिकारी समक्ष आग्रह गरेका छन्।

नेपालमा बढी भएको बेला भारतमा, नेपाललाई चाहिएका बेला भारतबाट आयात गर्ने विषयमा भारतीय अधिकारीसँग घिसिङ नेतृत्वको प्रतिनिधिमण्डलले छलफल गरेको छ। प्राधिकरणले बर्खामा नेपालमा खपत गरी बढी भएको विद्युत् निर्यात गर्न र हिउँदमा नपुग्ने विद्युत् आयातका लागि बिहार राज्यसँग पारस्परिक मौसमी विद्युत् आदानप्रदान गर्ने प्रस्ताव गरेको छ। प्राधिकरणले ४५६ मेगावाटको माथिल्लो तामाकोशी र अन्य निजी क्षेत्रका जलविद्युत् आयोजनाबाट बर्खामा उत्पादित विद्युत् देशभित्र खपत गर्न नसकी खेर जाने अवस्था आएपछि बिहार स्टेट पावर होल्डिङ कम्पनी लिमिटेडसँग पारस्परिक मौसमी विद्युत् आदानप्रदान गर्ने प्रस्ताव गरेको कार्यकारी निर्देशक घिसिङले जानकारी दिएका छन्। नेपाल र भारतबीच सन् १९७१ देखि विद्युत् आदानप्रदान हुँदै आएको छ।

बर्खाका छ महीना नेपालबाट विद्युत् बिहार पठाउने र हिउँदका छ महीना उताबाट ल्याउनेगरी पारस्परिक विद्युत् आदानप्रदान गर्ने प्रस्ताव गरिएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइ छ। "बर्खाका महीनामा २४सै घण्टा २०० मेगावाट एवं राति ११ बजेदेखि बिहान ६ बजेसम्म थप विद्युत् दिन सकिने र हिउँदमा उताबाट ल्याउने प्रस्ताव गरिएको छ। बर्खामा यताबाट पठाएको र हिउँदमा उताबाट ल्याएको परिमाणबीच फरक परेमा उपयुक्त विधिमार्फत विद्युत्को मूल्य तय गरिने छ"–उनले भने।

"यस्तो व्यवस्था कार्यान्वयनमा ल्याउन सकिए बर्खामा बढी भएको विद्युत् भारत पठाउन सकिन्छ भने अझै केही वर्ष हामीलाई हिउँदमा अपुग भारतबाट ल्याउन सकिन्छ। यदि पारस्पारिक विद्युत् आदानप्रदानको यो मोडेल कार्यान्वयनमा ल्याउन सकिए दुई मुलुकबीच विद्युत् कारोबारको कोसेढुङ्गा साबित हुनेछ"–उनले भने–"यसमा भारतीय पक्षको जवाफ सकारात्मक पाएका छौं, केही दिनभित्र यसबारे ठोस निर्णय आउने विश्वास छ।"

साँझ ५ बजेदेखि १० बजेसम्म नेपालमा बिजुलीको अत्यधिक माग हुने गरेको छ। त्यस आधारमा कुल उच्च माग १५४३ मेगावाटसम्म पुगेको छ। प्रणालीमा भने झन्डै दुई हजार मेगावाट बिजुली उपलब्ध हुने गरेको छ। निर्माणमा रहेका अधिकांश आयोजना सम्पन्न हुने चरणमा पुगेका छन्। यस आधारमा हरेक महीना बिजुलीको मात्रा थप हुँदै जाने देखिन्छ।

कार्यकारी निर्देशक घिसिङका अनुसार यस वर्षको बाँकी तीन महीनामा नेपालमा खपत गरेर बढी हुने करीब ७० करोड युनिट र अर्को वर्ष तीन अर्ब ७९ करोड युनिट ऊर्जा बिहारलाई दिन सकिने छ। हिउँद याममा त्यति नै बराबरको विद्युत् आयात गर्न सकिन्छ। यसले गर्दा बर्खामा खेर जाने विद्युत्को उच्चतम प्रयोग हुनेछ। अहिले बिहारसँग जोडिएका ३३ र १३२ केभीका प्रसारण लाइन पूर्वाधारबाट ३७१ मेगावाटसम्म विद्युत् आदानप्रदान गर्न सकिन्छ। प्राधिकरणले कटैया, रक्सौल, ढल्केबर–मुजफ्फरपुर, रामनगर बिन्दुबाट २४सै घण्टा विद्युत् नर्थ बिहार पावर डिस्ट्रिब्युशन कम्पनी लिमिटेडलाई उपलब्ध गराउन सकिने जानकारी गराएको छ।

साथै राति ११ बजेदेखि बिहान ६ बजेसम्म थप विद्युत् उपलब्ध गराउन सकिने छ। यसबाट सञ्चालनमा रहेका दुई मुलुकबीच जोड्ने प्रसारण पूर्वाधारको समेत उपभोग हुने विश्वास प्राधिकरणको छ। बर्खामा उत्पादित विद्युत् आन्तरिक खपत गर्न नसकी खेर जाने अवस्था आई प्राधिकरणको वित्तीय अवस्थामा प्रतिकूल प्रभाव पर्ने देखिएपछि ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले विद्युत् बिक्रीका विषयमा छलफल गर्न प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको नेतृत्वमा टोली भारत पठाएकी थिइन्। बुधवार, बिहीवार र शुक्रवार भारतका ऊर्जा सम्बद्ध विभिन्न निकायमा छलफल गरेको टोलीमा विद्युत् व्यापार विभागका निर्देशक प्रबल अधिकारी र ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सिनियर डिभिजनल इन्जिनीयर राजु महर्जन सहभागी थिए।

टोलीले बिहीवार बिहार स्टेट पावर होल्डिङका अध्यक्ष तथा प्रबन्ध–निर्देशक सञ्जीव हान्सलाई भारतको पटनामा भेटी विद्युत् आदानप्रदानका विषयमा छलफल एवं प्रस्ताव गरेको थियो। साथै विद्युत् खरीद–बिक्री सम्झौता (पिपिए) गरिएका आयोजनाको सङ्ख्या तथा अवस्था, जडित क्षमता, विद्युत् माग तथा आपूर्तिको अवस्था, दुई मुलुकबीचको विद्युत् व्यापारका सम्भावना, भारतसँग जोडिएका प्रसारण पूर्वाधारको अवस्थालगायत विषयमा भारतीय अधिकारीसँग विस्तृत छलफल गरेको थियो।

प्राधिकरणले हालसम्म ३४६ आयोजनासँग छ हजार १७६ मेगावाट बराबर विद्युत् खरीद–बिक्री सम्झौता (पिपिए) गरेको छ। यसमध्ये १११ आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा छन्। आयोजनाको जडित क्षमता १३०० मेगावाट छ। त्यस्तै ३०३४ मेगावाट क्षमता बराबरका १३६ आयोजना वित्तीय व्यवस्थापन गरी निर्माणाधीन अवस्थामा छन्। १८४१ मेगावाट जडित क्षमताका ९९ आयोजना वित्तीय व्यवस्थापनको प्रक्रियामा रहेको प्राधिकरणको भनाइ छ।

भारतको केन्द्रीय विद्युत् प्रणाली अन्तर्गत दैनिक विद्युत् बजार (डे अहेड मार्केट) मा नेपालको विद्युत् बिक्री गर्न सहमतिका लागि केन्द्रीय ऊर्जा मन्त्रालयका पदाधिकारी, केन्द्रीय विद्युत् प्राधिकरणका पदाधिकारी एवं नेपालसँग विद्युत् व्यापारका लागि तोकिएको सम्पर्क निकाय एनटिपिसी विद्युत् व्यापार निगम र पावर टेडिङ कर्पोरेशन (पिटिसी)का पदाधिकारीसँग विस्तृत छलफल गरिएको थियो।

कार्यकारी निर्देशक घिसिङले भने–"यसको नतीजा केही दिनमा आउन सक्छ।" प्राधिकरणको यो प्रस्तावले स्वीकृति पाएमा नेपालको खेर जाने बिजुलीको सदुपयोग हुने र त्यसबाट प्राधिकरणको आर्थिक स्वास्थ्यसमेत राम्रो हुने विश्वास लिइएको छ।

# यस वर्ष औसतभन्दा बढी वर्षा, कहिले खुल्छ मौसम ?

–नारायण ढुङ्गाना

मनसुनको अवधि जूनदेखि सेप्टेम्बर पूरा नहुँदै (चार महीना नपुग्दै) मुलुकमा सरदरभन्दा बढी वर्षा भएको छ। अझ उत्तरी भूभागमा बढी वर्षा भएको मौसम विज्ञान विभागले जनाएको छ।

मुलुकका विभिन्न मुख्य २० वर्षा मापन केन्द्रलाई आधार मानेर



तस्वीरः फाइल

निकालिएको औसत मौसमी विवरण अनुसार उक्त चार महीनामा मुलुकमा सरदर एक हजार ४०३ मिलिमिटर पानी पर्थ्यो तर अहिले १८ दिनअघि नै एक हजार ५२७ मिलिमिटर पानी परिसकेको छ।

मौसम विज्ञान विभागको जलवायु विश्लेषण शाखा प्रमुख, वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेलका अनुसार सेप्टेम्बर १२ अर्थात् आजसम्मको विश्लेषण गर्दा सरदर एक हजार २६८ मिलिमिटर वर्षा हुनुपर्ने थियो तर औसत विवरण अनुसार २६९ मिलिमिटर बढी पानी परिसकेको छ। यो सरदर वर्षाको अनुपातमा आजसम्मको वर्षा विश्लेषण गर्दा १२० दशमलव ४ प्रतिशत हो। उनका अनुसार सरदर वर्षाको अनुपात भने ९० देखि ११० प्रतिशतलाई मानिन्छ।

काठमाडौंमा पनि यसपालि बढी वर्षा भइसकेको छ। विभागका अनुसार काठमाडौंमा आजसम्म सरदर एक हजार ७२ दशमलव ५ मिलिमिटर वर्षा हुनुपर्नेमा आजसम्म एक हजार ३५१ दशमलव २ मिलिमिटर पानी परिसकेको छ। मनसुनको अवधि (सेप्टेम्बर अन्तिम)सम्म एक हजार १७६ मिलिमिटर पानी पर्नुलाई सरदर वर्षा मानिन्छ। अहिले नै वर्षा नाघिसकेको छ। काठमाडौंमा आजसम्मको तुलना गर्दा १२६ प्रतिशत पानी परिसकेको छ। चार महीनाको मनसुन अवधिको औसत निकाल्दा भने यो ११५ प्रतिशत हुन आउँछ।

प्राप्त विवरण अनुसार जोमसोममा सबैभन्दा बढी वर्षा भएको छ। सरदर १३७ दशमलव १ मिमिमिटर पानी पर्नुपर्नेमा त्यहाँ ३३९ दशमलव ३ मिलिमिटर पानी परिसकेको छ। कँडेलका अनुसार यो सरदरको २५४ दशमलव ८ प्रतिशत हो। यसपालि दोस्रो बढी पानी पर्ने अर्को केन्द्र भैरहवा हो। त्यहाँ १४० दशमलव ७ प्रतिशत वर्षा भएको छ। उनका अनुसार आजसम्म एक हजार २४९ दशमलव ८ प्रतिशत सरदर वर्ष हुनुपर्नेमा एक हजार ९२५ मिलिमिटर पानी परिसकेको छ।

मुलुकमा यसपालि औषधभन्दा बढी वर्षा हुने आकलनकै बीच भारी वर्षापछिको बाढी, पहिरो र डुबानले ७१ जिल्लालाई नराम्ररी प्रभावित बनायो। मुख्यतः सिन्धुपाल्चोक, मनाङ, पाल्पा, कास्की, दाङ, पर्वतलगायत एक दर्जन जिल्ला मानवीय र भौतिक क्षतिका दृष्टिले बढी प्रताडित छन्। सरकारले मनाङ र सिन्धुपाल्चोकलाई त विपद् सङ्कटग्रस्त जिल्ला नै घोषणा गरेर आवश्यक पुनरुत्थानका कार्य अघि बढाइसकेको छ।

मनसुनजन्य घटना (बाढीपहिरो र डुबान)का घटनामा मात्रै यसपालि मुलुकभर १३० जनाको मृत्यु भयो भने अझै ४१ जना हराइरहेका छन्। सबैभन्दा बढी सिन्धुपाल्चोकमा मानवीय क्षति भएको छ। उक्त जिल्ला गत वर्ष पनि विपद्का दृष्टिले सबैभन्दा बढी प्रभावित थियो।

जल तथा मौसम विज्ञान विभागले गत वैशाखमैं मनसुन अवधिमा सुदूरपश्चिम, कर्णाली गण्डकी, वाग्मती प्रदेशका अधिकांश स्थान तथा प्रदेश १ को मध्य तथा पश्चिम पहाडी, हिमाली भूभागमा सदरदभन्दा बढी (३५ देखि ६५ प्रतिशत) वर्षा हुने अनुमान गरेको थियो।

उच्च हिमाली क्षेत्रमा भने ५५ देखि ६५ प्रतिशत वर्षा हुने आकलन गरिएको थियो। प्रदेश १ को तराई र प्रदेश २ को पूर्वी जिल्लामा सरदरभन्दा कम वर्षा हुने अनुमान गरिएको थियो। विभागले विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रको हावापानी प्रारूप, जल तथा मौसम विज्ञान विभागको मनसुनी वर्षा र दक्षिण एशियाली जलवायु दृष्टिकोण मञ्चको आकलनका आधारमा उक्त निष्कर्ष निकाल्ने गरिन्छ।

नेपालको वर्षाको मनसुनी प्रणालीमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने 'एन्सो', हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको अवस्था, जलवायु प्रारूपको मनसुन अवधिको आकलन, युरोप तथा एशियामा गत हिउँद तथा प्रिमनसुनको अवधिमा परेको हिउँ, अन्तरऋतु परिवर्तनशीलताका कारकलाई समेत मध्यनजर गरी उक्त आकलन तयार पारिन्छ। यसपालि गएको वैशाखमैं आकलन गरिएको थियो। त्यसमा नेपाल, भारत, म्यान्मालगायत नौ देशका मौसमविद् सहभागी थिए।

**के अब मौसम खुलेकै हो ?**

ठूलाठूला विपद्का घटना निम्तिएपछि पछिल्ला केही दिनदेखि बिस्तारै मौसम सफा हुँदै गएको हो कि भन्ने महसूस गराएको छ। कर्णाली प्रदेशबाहेक आज धेरै ठाउँमा घाम लागेको छ। के अब मौसम खुलेकै हो त ? यसपालिको विपद् यति नै हो त ? आम सर्वसाधारणमा प्रश्न खेलिरहेको छ। त्यही प्रश्न मौसमविद्सँग राख्दा त्यो अनुमान गर्न अझै हतारो हुने प्रतिक्रिया प्राप्त भएको छ। उनीहरूका अनुसार अझै विपद् टरिसकेको छैन।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् सुमनकुमार रेग्मी भन्छन्, "मनसुन नसकिंदासम्म जोखिम कायमै रहन्छ, खुलेको जस्तो देखिए पनि कुनै पनि बेला मनसुन सक्रिय भएर भारी वर्षा हुन सक्छ, नियमित अद्यावधिक रहनुपर्छ।"

यसपालिको मनसुनका समयमा मुलुकका धेरैजसो भूभागमा सरदरभन्दा बढी वर्षा हुने आकलन गरिएको थियो। सोही अनुसार नै वर्षा भएको जनाइएको छ। नेपालमा यसपालि मनसुन दुई दिन ढिला गरी गएको जेठ २८ गते भित्रिएको थियो। आगामी असोज १७ को आसपास

(बाँकी पाँचौं पातामा)

# होटलमा छैन उत्साह : धमाधम बुकिङ रद्द

काठमाडौं, २७ भदौ/रासस

शरद ऋतु नेपालको पर्यटनका लागि अनुकूल मौसम। यो याममा पदयात्रा र पर्वतारोहणका लागि उल्लेख्य सङ्ख्यामा स्वदेशी पर्यटक नेपाल आउँछन्। कोभिड–१९ महामारीको जोखिम नभइदिएको भए यतिखेर विदेशी पर्यटकले नेपालका होटल भरिभराउ हुने थिए भने पदमार्ग र अन्य धार्मिकस्थलमा विदेशी खचाखच हुन्थे।

राजधानीको ठमेललगायत देशका प्रमुख पर्यटकीय गन्तव्यमा विदेशी नागरिकको भीडभाड हुन्थ्यो तर कोभिडले सबैभन्दा बढी प्रभावित बनाएको मुलुकको पर्यटन क्षेत्रमा अहिले पनि खासै उत्साह छैन। पर्यटन पूर्वाधारमा लगानी बढाएका व्यवसायी निराश छन्। पर्यटनसँग जोडिएका सबैजसो व्यापार व्यवसाय चौपट छ। झिनो सङ्ख्यामा भएपनि पर्यटक पाहुनाको पर्खाइमा छन् व्यवसायी।

कोभिडको दोस्रो लहरपछि नेपालको पर्यटन क्षेत्रमा सकारात्मक गतिविधि बढ्ने अपेक्षा थियो। अझै पनि तेस्रो लहरको जोखिम कायमै रहेकाले पर्यटक र पर्यटकीय गतिविधि बढ्ने अवस्था छैन। यतिखेर पर्यटकले धमाधम बुकिङ रद्द गरिरहेका छन्। महामारीकै बीच बुकिङ रद्द भएपछि व्यवसायीमा थप त्रास बढेको छ। पर्यटकस्तरदेखि तारे होटलका बुकिङ धमाधम रद्द भइरहेको होटल सङ्घ नेपाल (हान)ले जनाएको छ।

अहिले राजधानी काठमाडौंमा निषेधाज्ञा हटेको छ। सबै होटल खुलेका छन् तर होटलमा ग्राहक छैनन्। तत्कालै विदेशी नेपाल आउने अवस्था पनि छैन। हानका प्रथम उपाध्यक्ष विनायक शाहले पर्यटकीय याममा धमाधम बुकिङ रद्द हुनुले व्यवसायीलाई थप निराश तुल्याएको बताउँछन्। उनले भने, "होटल त खुलेका छन्, पाहुना छैनन्। बुकिङ पनि रद्द भइरहेका छन्, यसले होटल क्षेत्रलाई झनै निराश बनाएको छ। खर्बौंको लगानी जोखिममा छ।"

सेप्टेम्बरको मध्यतिर पनि नेपाल आउनेखाले विदेशी नागरिक तत्काल आउने अवस्था छैन। विमानस्थल होटलमा अल्पाइन ग्रुपका जर्मन नागरिक करीब ५० जनासम्म हरेक वर्ष वार्षिकोत्सव



तस्वीरः फाइल

मनाउन नेपाल आउने गरेका थिए। यसपटक उनीहरू आउने अवस्था छैन। बुकिङ रद्द गर्दैछन्। सगरमाथा आधार शिविरसम्म यात्रा गर्ने ती विदेशीले यो वर्ष यात्रा रद्द गरेका हुन्।

हानका अनुसार अहिले आधाभन्दा बढी बुकिङ रद्द भइसकेका छन्। नेपाल आउने विदेशीले वर्ष दिनदेखि छ महीनाअघि बुकिङ गर्छन्। पन्ध्र दिनअघिसम्म बुकिङ रद्द गर्दा शुल्क लाग्दैन। नेपालमा वर्षायाम सकिएलगत्तै विदेशी आउन थाल्छन्। विशेषगरी अक्टोबर, नोभेम्बर र डिसेम्भर महीनामा विदेशी पर्यटक बढी आउँछन्। हानमा आबद्ध साना, ठूला गरी करीब चार हजार होटल छन्।

हानका उपाध्यक्ष सामान्य अवस्थामा यो याममा करीब ८० प्रतिशत होटल बुकिङ हुन्थ्यो। अहिले १० प्रतिशतभन्दा कम बुकिङ थियो। सन् २०२० मा पनि करीब १० प्रतिशत मात्रै बुकिङ थियो। नेपाल आउने विदेशी पर्यटकले अहिले सात दिन क्वारेन्टाइनमा बस्नुपर्छ। खोपको मात्रा पूरा गरेर आए पनि क्वारेन्टाइनमा बस्नुपर्ने बाध्यता र अनअराइभल भिसाको सुनिश्चितता नहुँदासम्म पर्यटक नबढ्ने व्यवसायीको भनाइ छ।

योपटक पर्यटक बढ्नेछन् किनकि विदेशी राहदानी भएका नेपाली आइरहेका छन्। कूटनीतिक नियोग, गैरसरकारी संस्था, बहुर्राष्ट्रिय कम्पनीका कर्मचारी पनि नेपाल भित्रिइरहेका छन्। अक्टोबर महीनामा हुने गैरआवासीय नेपाली सङ्घको निर्वाचनले पनि यो वर्ष नेपाल आउनेको सङ्ख्या बढ्ने अनुमान गरिएको छ।

नेपाल एशोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष अच्युत गुरागाईंले मुख्य पर्यटकीय याममा पनि बुकिङ रद्द भइरहनुले व्यवसायीलाई थप निराश तुल्याएको भन्दै खोप लगाएर आउने पर्यटकलाई सहजै नेपालका गन्तव्यमा घुम्ने वातावरण सिर्जना गरिनुपर्ने खाँचो औंल्याए। उनले भने, "अक्टोबरका लागि ग्रुप रद्द भइसके, व्यवसायीको ठूलो लगानी धराशयी अवस्थामा छ, खोप लगाएका पर्यटकलाई सहजरूपले आउन दिनुपर्छ, यो सिजनमा पनि पर्यटक आउन नदिने हो भने व्यवसायी पलायन हुनुपर्ने अवस्था आउँछ।"

अध्यक्ष गुरागाईंले खोप लगाएर आउने विदेशी नागरिकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमैं अनअराइभल प्रवेशाज्ञा (भिसा)को व्यवस्था गरी हालको क्वारेन्टाइन बस्नुपर्ने बाध्यता हटाउन सरकारसँग आग्रह गरे। उनले भारतीय पर्यटकलाई सहजरूपमा नेपाल आउने वातावरण बनाउन सम्बन्धित निकायले पहल गर्नुपर्ने जिकिर गरे। नेपालमा १६० भन्दा बढी मुलुकका विदेशी नागरिक विभिन्न प्रयोजनका निम्ति आउने गरेका छन्।

पर्यटन उद्योगको संरक्षण र प्रवर्द्धनका लागि राज्यले घोषणा गरेका कार्यक्रमको कार्यान्वयनको वातावरण नबन्दा असहज परिस्थिति आएको हानका उपाध्यक्ष शाहको गुनासो छ। उनले नीतिगत निर्णय गरेर अघि बढेको खण्डमा विदेशी पर्यटक भित्रिने वातावरण बन्ने भन्दै त्यसका लागि सरकारले बजेट तथा आर्थिक नीतिमा उल्लेख गरेका कामको चाँडो कार्यान्वयन हुनुपर्नेमा जोड दिए।

बजेटमा घोषणा भएको विदेशी पर्यटकलाई एक महीनाको निश्शुल्क प्रवेशाज्ञा, अनअराइभल प्रवेशाज्ञा जस्ता विषयको तत्काल कार्यान्वयन गरी भारत र चीनको सीमाबाट सहजरूपमा पर्यटक आउने वातावरण बनेमा पर्यटन क्षेत्रलाई राहत हुने उनको भनाइ छ।

अहिले पनि युरोप, अमेरिका, अस्ट्रेलियालगायत महत्त्वपूर्ण देशले ट्राभल एडभाइजरी जारी गरी नेपाल आउन प्रतिबन्ध लगाएका छन्। नेपाल सरकारले ट्राभल एडभाइजरी हटाउन पहल गर्नुपर्ने, प्रतिस्थापन बजेटमार्फत १० दिनको काज बिदाको व्यवस्था तत्काल लागू गर्नुपर्ने

(बाँकी पाँचौं पातामा)

acks
lout
TH

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा सेप्टेम्बर ११ को सम्झनामा स्मृति दिवस

न्युयोर्क, भदौ २७/एएफपी

संयुक्त राज्य अमेरिकाले सेप्टेम्बर ११ को आतङ्कवादी घटनामा मारिएका प्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शनिवार २० औं स्मृति दिवस मनाएको छ । अफगानिस्तानबाट अमेरिकी सुरक्षा फौज फिर्ता बोलाएपछि मनाईदै गरेको यो भावुक स्मृति दिवसमा सहभागीहरूले आफन्त गुमाउन पर्दाको पीडा विभिन्न किसिमले व्यक्त गरेका थिए । उक्त त्रासदीपूर्ण हमलामा २,७५३ जनाले ज्यान गुमाएका थिए भने कैयौं घाइते र अपाङ्ग भएका थिए ।


सेप्टेम्बर ११ को आतङ्कवादी घटनाको दृश्य । तस्वीरः एएफपी

न्यूयोर्कस्थित ट्वीन टावरमा विमान दुर्घटना गराई अलकायदाले गरेको आतङ्कवादी हमलाको कारण अमेरिकाले कडा सुरक्षा व्यवस्थाबीच थप सुरक्षा चुनौती बेहोर्दै आएको छ । उक्त स्मृति दिवसको छ शृङ्खलामा आयोजना गरिएको कार्यक्रम बिहान ८:४६ मा घण्टी बजाएर मौन धारण गरिएको थियो, जुन अपहृत विमानले उत्तरतर्फको विश्व व्यापार केन्द्रको टावरमा आक्रमण गरेको समय अनुसार मिलाइएको थियो । आफन्तहरूले आफ्ना मृतकहरूको तस्वीर टाँसेर भावुक बन्दै उक्त कार्यक्रममा सहभागिता जनाएका थिए । सहभागी मध्येका एक जोन पोचर डज्मा जसले उक्त घटनामा भाइ गुमाएका थिए, उक्त घटना हिजो मात्र घटेकोजस्तै लाग्ने र प्रत्येक वर्ष यसरी नै घटनाको स्मरण गरिरहेको पीडा सुनाएका थिए ।

त्यसैगरी पूर्व राष्ट्रपति जर्ज डब्लु बुशले त्यति बेलाको कारुणिक दृश्यको स्मरण गर्दै आगो नियन्त्रण गर्ने क्रममा ३४३ जनाले ज्यान गुमाएको घटना सधैं स्मृतिमा दुःखद बिम्बको रूपमा खेलिरहेको बताए । त्यो हृदयविदारक घटना सपनामा बल्भिरहेको पनि बुशले उल्लेख गरेका छन् ।

सोही घटनाको स्मृति दिवसका कार्यक्रम पेन्टागन र शान्कसभिलमा पनि आयोजना गरिएको थियो । पूर्व राष्ट्रपति बुशले त्यति बेलाको जस्तो राष्ट्रिय एकता र राजनीतिक नेतृत्वको दूरदृष्टि अहिले नदेखिएकोमा आफू राष्ट्र र आगामी सन्ततिको भविष्यबारे चिन्तित रहेको विचार व्यक्त गरेका थिए । विश्वभरका नेताहरूले सो घटनाको निन्दा र त्यसविरुद्ध एकताका पक्षमा सन्देश पठाउँदै त्यो आक्रमण पश्चिमा मूल्य र मान्यता माथिको आक्रमण भएको बताएका छन् ।

त्यसैगरी शान्कसभिलमा आयोजित कार्यक्रममा बोल्दै राष्ट्रपति बाइडेनले अमेरिका एकजुट भएर विश्वको नेतृत्व गर्नुपर्ने र आफ्नो विगतको एकता र शक्ति पुनः प्राप्त गरेर वास्तविक अर्थमा विश्वको नेतृत्वका निम्ति सबैलाई विश्वासमा ल्याउनुपर्ने कुरामा जोड दिएका थिए ।

पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले बाइडेन प्रशासनको कमजोरी र अक्षमताले अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता र तालिबानको कब्जाले अमेरिकी जनता र सेना लज्जित हुनुपरेको बताए । पूर्व राष्ट्रपति ट्रम्पले अफगानिस्तानको घटनाले अमेरिकी राष्ट्रपति बाइडेनको परीक्षाको घडी नजिकिएको बताएका छन् । उनले थपे–अमेरिकी सेनाको लज्जास्पद बहिर्गमन, १३ सैनिकको हत्या र तालिबानको दिग्विजयले अमेरिकालाई थप चिन्तित तुल्याएको छ, शनिवार आयोजित उक्त कार्यक्रममा राष्ट्रपति बाइडेनले भने राष्ट्रका नाममा सम्बोधन गर्दै उक्त हमलापछि त्रास र आतङ्कविरुद्ध सृजना भएको एकता र सहकार्यको भावनालाई पुनः जागृत गराउन आह्वान गरेका थिए । रासस

## अफगानिस्तानमा तालिबान प्रदर्शनमा चारजनाको मृत्यु -राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, २७ भदौ/सिन्हुवा

अफगानिस्तानमा अहिले पनि तालिबानको विरोध गर्दै प्रदर्शन भइरहेको बताइएको छ । ती प्रदर्शनमा केही मानिस हताहत भएका समाचारमा जनाइएको छ ।




यस्तै तालिबान विरोधी प्रदर्शनका क्रममा शनिवार मात्र पनि चारजनाको मृत्यु भएको बताइएको छ । राजधानी काबुलमा भेला भएका मानिसमाथि तालिबानीले बल प्रयोग गरेर दमन गरेको बताइएको छ ।

सो दमनमा परी चारजनाको ज्यान गएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । सो कार्यको राष्ट्रसङ्घले विरोध पनि गरेको छ ।

राष्ट्रसङ्घका अधिकारीका अनुसार तालिबानविरुद्ध राजधानी काबुलमा भएका विरोध प्रदर्शनमा पछिल्ला प्रदर्शनमा चारजनाको मृत्यु भइसकेको छ ।

झण्डै एक महीना अघि राजधानी काबुल तालिबानको नियन्त्रणमा पुगेपछि अफगानिस्तानका विभिन्न स्थानमा महिला अधिकार र स्वतन्त्रताका पक्षमा प्रदर्शन भइरहेका छन् ।

ती प्रदर्शनकारीहरूमाथि तालिबानीहरूले बल प्रयोग गर्ने गरेका छन् ।

तालिबानी लडाकूले कोर्रा हान्नेर मानिसलाई धपाउने र गोली प्रहारसमेत गर्ने गरेको बताइएको छ ।

राष्ट्रसङ्घले नागरिकको शान्तिपूर्ण भेला हुन पाउने अधिकार प्रयोग गर्न दिन आग्रह पनि गरेको छ । नागरिकले शान्तिपूर्ण भेला भएर आफ्ना कुरा राख्न पाउनुपर्ने भन्दै त्यसविरुद्ध बल प्रयोग गरेर नागरिकको हत्या गर्नु अपराध भएको राष्ट्रसङ्घले जनाएको छ । रासस

### अफगानी महिलाहरू बिस्तारै काममा फर्किंदै

काबुल/एएफपी

तालिबानले अफगानिस्तानमा कब्जा जमाएपछि विभिन्न क्षेत्रमा कार्यरत महिलाहरू सुरक्षाको कारण जनाएर जागीर छोड्न बाध्य छन् । तर राजधानीको विमानस्थलमा कार्यरत रबिया जमालले भने करीब एक महीनापछि साहसिक निर्णय लिंदै कामलाई निरन्तरता दिएकी छिन् ।

कट्टरपन्थी इस्लामीहरूले भने महिलाहरूले सुरक्षाका कारण घरमै बस्नुपर्ने दबाब दिंदै आएका छन् तर तीन सन्तानकी आमा ३५ वर्षीया रबिया भने कामलाई निरन्तरता दिने निधोमा पुगेकी छिन् ।

रबियाले भनिन्–"मलाई परिवार धान्न पैसा चाहिन्छ, घरमा बस्दा दिक्क भएँ, अहिले जागीर शुरू गरेपछि खुशी छु ।" विमानस्थलमा कार्यरत ८० महिलामध्ये तालिबानको कब्जापछि जम्मा १२ जना काममा फर्केका छन् । तर ती पनि राजधानी काबुलमा काममा जानका लागि अनुमति दिइएका थोरैमध्ये पर्छन् । विमानस्थलमा कार्यरतमध्ये ६ जना महिला विमानस्थलको मुख्य प्रवेशद्वारमा गफ गर्दै शनिवार हर्षित मुद्रामा यात्रुहरूको प्रतीक्षा गर्दैथिए । रासस

## पाकिस्तानले काबुल नियमित उडान शुरू गर्ने

इस्लामाबाद, २७ भदौ/सिन्हुवा

पाकिस्तानको सरकारी एयरलाइन्स, पिआइएले नियमितरूपमा इस्लामाबाद–काबुल उडान पुनः शुरू गर्ने भएको छ ।

पाकिस्तानको एयरलाइन्स, पिआइएले सो उडानका लागि सबै तयारी पूरा भएको र पहिलो जहाज सोमवार नै जाने जनाएको छ । पकिस्तान एयरलाइन्सले आइतवार विज्ञप्ति प्रकाशन गरेर सो जानकारी दिएको हो । सो एयरलाइन्सले यस अघि रोकिएको उडान अब सोमवारदेखि नियमित सञ्चालन गर्ने जनाएको हो । अफगानिस्तानमा तालिबानीले हमला गरेर सत्ता कब्जा गरेपछि पाकिस्तानको यो एयरलाइन्सले पनि आफ्ना सबै उडान बन्द गरेको थियो । त्यसयता यहाँका कैयौं विदेशी विमान सेवा कम्पनीले उडान बन्द गरेका थिए । तर अरू देशका हवाई कम्पनीले भने उडान शुरू गरेका छैनन् । रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

**कारबाई............**

बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५, वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढुङ्गा, गिट्टी बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७, सङ्घीय वन ऐन २०७६ तथा प्रादेशिक वन ऐन र नियमावलीसमेतको परिधिभित्र रहने गरी नियमानुसार आवश्यक कानूनी कारबाही अगाडि बढाउन पत्र लेखेको छ ।

यता निजगढ नपाले आफू अनुकूल वातावरणीय परीक्षण प्रतिवेदन (आइइई) तयार गर्दै नदीजन्य पदार्थ दहत्तर बहत्तरको ठेक्का सूचना प्रकाशित गरिसकेको छ । वन कार्यालयले आफ्लाई कुनै जानकारी नदिई वनको क्षेत्राधिकार मिचेर आफू अनुकूलको आइइई रिपोर्ट बनाएको, जसमा चुरे क्षेत्र र चुरेको संरक्षित क्षेत्रसमेत मिचेर ऐन, कानूनविपरीत आइइई रिपोर्ट तयार गरी ठेक्का बन्दोबस्ती गरेको भन्दै जिल्ला समन्वय समिति बाराको बैठकमा कुरा उठाएको थियो । वनले सो कुरा उठाएसँगै निजगढ नपाले दुईपटक म्याद थप गरी यही ३१ गते ठेक्का सकारका लागि आह्वान गरेको छ ।

यता प्रदेश वन मन्त्रालयले डिभिजन वन कार्यालय बारालाई उक्त पत्राचार गरेसँगै उक्त ठेक्का प्रभावित हुने देखिन्छ । स्थानीय निजगढ नगरपालिकाले आइइई रिपोर्ट आफैं निर्माण गर्न लगाउने, आफैं सदर गर्ने र आफैं अनुगमनसम्म गर्न कानूनी छुट पाएसँगै सरोकारवाला निकायसँग कुनै सहमतिविना आइइई रिपोर्ट तयार गर्दै नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्न अग्रसर भएको थियो । यही भदौ २१ गते राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति काठमाडौंबाट खटिएका भूगर्भविद् प्रेम पौडेल, भूसंरक्षण अधिकृत राजमान श्रेष्ठसहितको टोलीले सो क्षेत्रको अनुगमन गर्दा चुरे क्षेत्रसहित चुरे संरक्षित क्षेत्रभित्र प्रक्रिया मिचेर नगरपालिकाले आइइई रिपोर्ट तयार गरेको खुलासा गरेको थियो ।

नगरपालिकाले तयार पारेको आइइई रिपोर्टको अध्ययन गर्दै चुरे संरक्षणले प्राविधिक रिपोर्ट नगरपालिकालाई उपलब्ध गराउने भूगर्भविद् पौडेलले बताएका थिए । चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रमा मेशिन लगाएर नदीजन्य पदार्थको उत्खनन, सङ्कलन गर्न नपाइने, यदि गर्नै परे जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार गर्न सकिने बताएका थिए । यसरी जिल्ला विपद् व्यवस्थापन समितिले यस सम्बन्धमा निर्णय गर्दा नदी खोलाको सतह अग्लिएर बस्ती, वनजङ्गललगायतका क्षेत्रमा हानिनोक्सानी हुने देखिए मात्र निर्णय गर्न सकिने आधार रहेको जानकारहरूले बताए । तर नदीजन्य पदार्थ उत्खनन गरी ठेक्का लगाउने, बिक्री वितरण गर्ने मनसायले निर्णय गरिए ऐन, कानूनविपरीत हुने देखिन्छ ।

गत अघिल्ला वर्षहरूमा चुरे क्षेत्रबाहेकको बकैया खोला र धन्सार खोलाको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरण गर्न नगरपालिकाले आइइई रिपोर्ट तयार गरी ठेक्का बन्दोबस्ती गर्दै आइरहे पनि यस वर्ष धन्सार खोलाको माथिल्लो दुई स्थानसमेत चुरे संरक्षित क्षेत्रभित्र र चुरे क्षेत्रमा पर्ने बगर खोला, भक्तलाल खोला, शक्ति खोलाको नदीजन्य पदार्थ ठेक्का बन्दोबस्तीका साथ बिक्री गर्ने उद्देश्य लिई आइइई रिपोर्ट तयार गर्दै सूचनासमेत प्रकाशित गरेको छ । नगरपालिकाले नदीजन्य पदार्थको ठेक्का लगाउँदै आएसँगै राजमार्ग दक्षिणतर्फको खोलाको भाग निकै होचिंदै गइरहेको छ । जसका कारण निजगढको बकैया, धन्सार, पसाहा, बालगङ्गा, दुधौरा खोला गहिरिएका छन् । जसका कारण बकैया पुलनजीकैको पक्की ड्याम, अन्य खोलाले वन क्षेत्र कटान गर्नुका साथै रुखबिरुवामा हानिनोक्सानी भइरहेको छ ।

निजगढ नगरपालिकाले नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्ने कार्यविधि तयार गरे पनि वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७ को मर्मलाई ध्यानमा राख्न नसकेको देखिएको छ ।

स्थानीय तहलाई ऐन, कानून बनाउन र पारित गर्न संविधानले सुरक्षित गरिदिए पनि यसको पूर्णरूपमा निजगढ नपाले पालना गरेको छैन ।

यता यसबारे बुझ्दा ऐन, कानून, संविधानको परिधिमा रहेर नगरपालिकाले ठेक्का बन्दोबस्ती गरेको निजगढ नपाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीको जिकिर छ । तर यसबारे कुन कुन ऐन, कानूनमा टेकेर ठेक्का बन्दोबस्तीका लागि कार्यविधि तयार गरिएको हो भन्नेबारे गोलमटोल प्रतिक्रिया दिने गरेका छन् ।

"हामीले निजगढ नपालाई पटक–पटक पत्राचार गरेका छौं । जवाफ आएको छैन । अब प्रदेश वन मन्त्रालयबाट प्राप्त पत्र पनि निजगढ नपालाई पठाएका छौं । ऐन, कानून, क्षेत्राधिकार नलाघने भनी स्पष्ट जवाफको पर्खाइमा छौं । जबरजस्ती गरे, कानूनी कारबाही अघि बढाउँछौं," डिवका बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले भने ।

यसरी वन क्षेत्र, चुरे संरक्षित क्षेत्रभित्र नगरपालिकाले नदीजन्य पदार्थको उपयोग गर्न चाहेमा संक्षिप्त वातावरणीय प्रतिवेदन र आइइई रिपोर्ट तयार गर्न सम्बन्धित सरोकारवाला कार्यालय, निकायहरूसँग सहमति लिनुपर्छ । स्थानीय संरचना निर्माणका लागि दैनिक ५० घनमिटर उत्खनन गर्न पाइने तर सोको लागि संक्षिप्त वातावरणीय प्रतिवेदन हुनुपर्ने र कुनै योजना, आयोजनाका लागि दैनिक ३०० घन मिटर उत्खनन गर्न आइइई रिपोर्ट तयार गर्नुपर्दछ । विशुद्ध नदीजन्य पदार्थ उत्खनन गरी ठेक्का लगाउन र बिक्री वितरण गर्न पाईदैन ।

शक्ति खोलाबाट २५ लाख ४० हजार १६० घनफिट, लाल/भक्तलाल खोलाबाट २८ लाख ०६ हजार ८७७ घनफिट, धन्सार खोलाबाट २८ लाख ४० हजार ४० घनफिट, बगरखोलाबाट २२ लाख २२ हजार ६४० घनफिट, बकैया खोलाबाट ५६ लाख ९२ हजार २५२ घनफिट नदीजन्य पदार्थ वर्षायामबाहेक एक वर्षमा उत्खनन गर्न सकिने आइइई रिपोर्टमा उल्लेख गरिएको छ । जसमध्ये बकैया खोलाबाहेक सबै चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रसँगै वन क्षेत्रभित्र र वन क्षेत्रले छोएको छ ।

यस वर्ष ती दुई नदीखोलासहित थप तीनवटा खोला, भक्तलाल खोला, शक्ति खोला गरी कुल १ करोड ६१ लाख १ हजार ९६९ घन फिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण गर्न निजगढ नगरपालिकाले मुअकबाहेक १२ करोड ८८ लाख १५ हजार ७५२ रुपैयाँ न्यूनतम अङ्क तोकी सूचना प्रकाशित गरि सकेको छ ।

**होटलमा छैन उत्साह.....**

व्यवसायीको माग छ ।

ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ (नेपाल) टानका अध्यक्ष खुमबहादुर सुवेदीले सरकारले बजेट र आर्थिक नीतिमा घोषणा गरेका कार्यक्रम चाँडो कार्यान्वयन नगरे व्यवसायी पलायनको अवस्था आउन सक्ने भन्दै पर्यटन पुनरुत्थान र प्रवर्द्धनका लागि साझा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए । उनले खोप लगाएर आउने पर्यटकको सहजताका लागि अनअराइभल भिसा तथा क्वारेन्टाइन बस्नुपर्ने बाध्यता हटाइनुपर्ने माग गरे ।

व्यवसायीले आर्थिक वर्ष २०७८/७९ को बजेटले सम्बोधन गरेका विषय कार्यान्वयन गर्न तथा आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमार्फत घोषणा गरिएको सहुलियत कर्जा प्रवाह, पुनर्तालिकीकरणलगायतका व्यवस्था होटल तथा पर्यटन उद्योगमा सहज र सरलरूपमा वितरण गर्दै कार्यान्वयन पक्षमा जोड दिन व्यवसायीले सरोकारसमक्ष अनुरोध गरेका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्क अनुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अगस्त महीनासम्म आठ महीनाको अवधिमा कुल ६६ हजार ९६६ विदेशी पर्यटक नेपाल आएका छन् । सन् २०२० मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

**यस वर्ष...........**

मनसुन बाहिरिनेछ ।

मनसुन जेठ ३० गतेदेखि देशैभरि सक्रिय भयो । त्यसको अर्को दिनबाटै भारी वर्षा शुरू भई जनजीवन प्रभावित बनायो । सुरुआती वर्षाले मनाङ र सिन्धुपाल्चोकलगायत जिल्लामा ठूलो जनधनको क्षति गरायो । असार १ र असार १६ गते पुनः भारी वर्षा हुँदा सिन्धुपाल्चोकमा दोहोरिएर क्षति भयो । अघिल्लो हप्ता तराईका जिल्लामा भारी वर्षा हुँदा बाढी र डुबानको समस्या निम्तियो ।

गृह मन्त्रालयबाट प्राप्त विवरण अनुसार सिन्धुपाल्चोकमा अहिलेसम्म छजनाको मृत्यु भएको छ भने २० जना बेपत्ता भएका छन् । सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकामा मात्रै २४७ घर बाढीले भत्काएको छ । कुल एक हजार ७०० रोपनी भन्दा बढी जमीन लगेको छ । जगगामा मात्रै रु तीन अर्ब बढीको क्षति भएको प्रारम्भिक अनुमान छ ।

उता जिल्लाको हेलम्बु गाउँपालिकामा २२७ घर बग्यो । कुल दुई हजार १०० रोपनी बढी जग्गा लगेको विवरण प्राप्त छ । यस्तै पाल्पामा ११ छ, कास्कीमा सात, दाङमा १० र पर्वतमा १३ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।

यसपालि मनसुनजन्य विपद्का कारण ७१ वटन जिल्ला प्रभावित भएका छन् । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद् समीर श्रेष्ठ अहिले मुलुकभर मौसम सामान्य बदली रहे पनि कर्णाली प्रदेशमा छिटपुट वर्षा भइरहेको जानकारी दिन्छन् । "सोमवार पनि मौसम सामान्य नै छ, मङ्गलवार केही बदली हुन सक्छ," श्रेष्ठले भने । उनले पनि तत्काले भारी वर्षाको सम्भावना भने नदेखिएको बताए । यद्यपि मनसुन नबाहिरिंदासम्म कुनै पनि बेला बदली हुने श्रेष्ठको भनाइ छ ।

**वैशाखयताका घटना र मानवीय क्षति**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गएको वैशाखयता कुल एक हजार ७६२ वटा विपद्का घटना भएका छन् ।

ती घटनाबाट २३४ जनाको मृत्यु भएको छ । यसमा बाढीपहिरो र डुबानबाहेकका विपद्जन्य घटनासमेत समावेश छन् । तीनवटा घटनामा ४१ जना हराइरहेका छन् भने ४६४ जना घाइते भए । कुल दुई हजार २७८ परिवार प्रभावित छन् । कुल सात अर्ब ७७ करोडको क्षति भएको अनुमान गरिएको छ ।

जसमा सबैभन्दा बढी ६७९ वटा आगलागीका घटना भए । यद्यपि मानवीय क्षतिका हिसाबले भने सबैभन्दा बढी पहिरोबाट ७७ जनाले ज्यान गुमाएका छन् । सबैभन्दा बढी बाढीमा परेर ३२ जना बेपत्ता भएका छन् ।

प्राप्त विवरण अनुसार आगलागीमा परी १४, पहिरोमा ७७, बाढीबाट ३८, अविरल वर्षाका कारण १६, चट्याङबाट ४८, सर्पको टोकाइबाट १६, डढेलोबाट तीन, हावाहुरीका कारण एक र जनावरको आक्रमणबाट २१ जनाले ज्यान गुमाएका छन् ।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – बादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – व्यर्थभ्रमण | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# सुखचैना गाउँ जान गाह्रो

प्रस, परवानीपुर, २६ भदौ/

वीरगंज-पथलैया औद्योगिक


तस्वीरः प्रतीक

कोरिडोरको चैनपुर चोकभन्दा पश्चिम पर्छ, सुखचैना गाउँ। वीरगंज महानगर पालिकाको १८ नम्बर वडामा पर्ने उक्त गाउँमा अहिले पनि सहज यातायात सुविधा छैन। केडिया आँखा अस्पतालको पश्चिमपट्टि अवस्थित उक्त गाउँको मुख्य बाटो तथा गाउँमा प्रवेश गर्ने दुईवटा बाटोको अवस्था अहिले एकदमै जीर्ण छ। वर्षात्को बेला उक्त गाउँमा पैदल, साइकल, मोटरसाइकल र अन्य सवारीसाधन लिएर प्रवेश गर्न डर लाग्छ- गाउँलेहरू बताउँछन्। सुखचैनाको दुरवस्थाले वीरगंज महानगरको विकास तथा स्थानीय उद्योग कलकारखानालाई गिज्याइरहेको स्थानीय शिक्षक रामेश्वर पटेल बताउँछन्। उनका अनुसार वीरगंजभन्दा ७ किलोमिटर उत्तर रहेको उक्त गाउँ प्रतिष्ठित औद्योगिक घरानाले सञ्चालन गर्ने दुईवटा उद्योगको बीचमा रहे तापनि बाटो निर्माण र मरम्मत सम्भारमा सरोकारवालाहरूले बेवास्ता देखाएका छन्।

गाउँको सुखचैना माविदेखि केडिया आँखा अस्पतालको दक्षिणपट्टि सुन्दर फर्निचर नजीक निस्किने एउटा बाटो छ भने अर्को विद्यालयबाट चैनपुर चोकसम्म दोस्रो बाटो छ। सोही ठाउँमा रूँगटा समूह र चाचान समूहका ठूला उद्योग भए तापनि ती उद्योगहरूले गाउँको बाटो निर्माणमा खासै पहल गरेका छैनन्। यी उद्योगमा मालसामान लिएर आउने गाडीले गर्दा उक्त बाटो मरम्मत गरे पनि खराब हुने गरेको छ। वर्षात्को बेला उद्योगका मालवाहक ट्रकहरू बाटोमैं खडा गरिन्छ। हिलाम्मे सडकमा गाडीको आउजाउले गर्दा सडक भएर यात्रा गर्न कठिन हुने गर्छ।

त्यसैगरी गाउँको मुख्य बाटो बनाउने सम्बन्धमा वडा नं १८ र वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगी उदासीन बन्दा समस्या बढेको छ। दुई दिन अघि सुखचैना माविमा प्रमुख अतिथिको रूपमा नगरप्रमुख सरावगीले भवन उद्घाटन गर्दाको बेला पनि स्थानीयले सडक मरम्मत र पक्की ढलान गर्न आग्रह गरेका थिए। विद्यालयमा आउँदा उनले सोही दिन सडकमा ग्रेभल खसालेर वर्षात्को पानी जम्ने खाल्डाखुल्डी भर्ने काम गराएका थिए।

उद्योगको धूवाँ, धूलो, छाई र प्रदूषणको मारबाट गाउँ आजित भए तापनि सामाजिक उत्तरदायित्व अन्तर्गत ती उद्योगहरूले सुखचैनाको लागि केही नगरेको गाउँलेहरूको गुनासो छ।

# खेलकुदको संसार

## नेपाल र बङ्गलादेशबीचको खेल बराबरी

काठमाडौं, २७ भदौ/रासस

नेपाली राष्ट्रिय महिला फूटबल टोलीले दोस्रो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा बङ्गलादेशसँग गोलरहित बराबरी खेलेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतवार भएको खेलमा निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसकेपछि खेल गोलरहित बराबरीमा सकिएको हो। खेलको विभिन्न समयमा दुवै टोलीले पाएको मौकालाई सदुपयोग गर्न सकेनन्।

खेलमा नेपालकी गीता राना 'मोस्ट भ्यालुएबल' खेलाडी घोषित भइन्। एएफसी महिला एशियन कप-२०२२ छनोटको तयारीका लागि नेपालले बङ्गलादेशसँग दुई मैत्रीपूर्ण खेल खेलेको हो। यसअघि बिहीवार भएको पहिलो खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले हराएको थियो।

एएफसी महिला एशियन कप-२०२२ छनोट खेल उज्बेकिस्तानमा आयोजना हुनेछ। छनोटमा नेपाल समूह 'एफ'मा रहेको छ। नेपालको समूहमा फिलिपिन्स र हङकङ रहेका छन्।

# तारा इन होटल घटनाको बारा प्रहरीले पुष्टि गऱ्यो

## पाँचजना पक्राउ, हजारको नोट छाप्ने कागज बरामद

प्रस, निजगढ, २७ भदौ/

निजगढ नगरपालिकास्थित तारा इन होटलमा शनिवार प्रहरीले छापामारी गरेको घटनामा आइतवार जिल्ला प्रहरी कार्यालय, बाराले घटनासम्बन्धी जानकारी गराएको छ।

प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले पाँचजना मानिस र २५ हजारको नक्कली नेपाली नोट तथा हजारको नोट बनाउन प्रयोग हुने ९३ बन्डल (९ हजार ३ सय थान) कागज बरामद भएको बताएका छन्। उनले हजारको नोट छाप्ने उद्देश्यले सोही आकारमा कागज काटेर बन्डल बनाइएको अवस्थामा बरामद भएको बताए। यसैगरी, ३९ थान हजारको नोट बरामद भएको बताएका छन्।


नक्कली नेरु र नोट छाप्ने कागजसहित पक्राउ परेका पाँचजना।

सूचना अनुसार तारा इन होटलमा शनिवार छापामारी गरी तीनजनालाई नियन्त्रणमा लिइएको थियो। प्रहरी उपरीक्षक शाहीले करैयामाई गापा-५ का विशेश्वरप्रसाद चौधरी, कलैया उपमनपा-९ रामपुरका सागर शुक्ल र विश्रामपुर गापा-५ इटियाहीका राजु कुशवाहा, रौतहटको गुजरा नगरपालिका-३ बलुवाका सुनील राम र रवीन्द्र चौधरी पक्राउ परेको पुष्टि गरेका छन्। उनले बा.९१प ७४३५ नम्बरको मोटरसाइकल, बा.१४च ९३८२ नम्बरको स्कार्पियो तारा इन होटलबाट नियन्त्रणमा लिएको र रौतहटबाट प्रदेश २-०३-००१ प ४२६५ नम्बरको पल्सर मोटरसाइकल र बिआर ०५ क्यू ४६१० नम्बरको स्पेलेन्डर मोटरसाइकल पनि नियन्त्रणमा लिएको बताए।


बरामद भएको स्कार्पियो र मोटरसाइकल। तस्वीर सौजन्यः जिप्रका, बारा

पक्राउ परेकाविरुद्ध खोटा चलन मुद्दामा जिल्ला अदालत बाराबाट सात दिनको म्याद लिई हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रउ शाहीले बताए।

यता, होटल तारा इनमा गुजरा नपा-३ का सुनील रामले तीनवटा कोठा आफ्नो नाममा लिएको होटल रजिस्टरबाट देखिएको छ। लुम्बिनी, वाग्मती, मिथिला गरी तीनवटा कोठा उनीहरूले लिएको र प्रत्येक कोठामा एक/एकजना बसेका थिए। होटलमा बसेका सुनील रामसहित तीनजनाबाट २५ हजार नेपाली नक्कली नोट बरामद भएको थियो। उनीहरूकै बयानको आधारमा प्रहरीले रौतहटको गुजरा नगरपालिकामा छापामारी गरी थप दुईजनालाई पक्राउ गरेको र उनीहरूबाट एक सय थानको ९३ गड्डी हजारको नोट छाप्ने कागज बरामद गरेको छ।

प्रहरी प्रधान कार्यालयको टोलीले हिजो बिहान ८ देखि बेलुकी १० बजेसम्म छापामारी गरेको थियो।

स्रोतका अनुसार अहिले झापाबाट नेपाली नोटको तस्करी गर्ने गिरोह सक्रिय भएको छ। भारतको सिलिगुडी हुँदै नेपाली नोट झापा आउने र त्यहाँबाट नेपालका विभिन्न ठाउँमा पुऱ्याउने कार्य भइरहेको छ।

पक्राउ परेका बारा र रौतहटका पाँचजना तारा इन होटलको रेकर्ड अनुसार सात महीनादेखि यो पेशामा सक्रिय देखिएका छन्। उनीहरू होटलमा आउने र जग्गाको कारोबारी भनेर बस्ने गरेका थिए। सात महीनादेखि उनीहरूको होटलमा आवतजावत भइरहेको बताइएको छ। एक महीनाअगाडिदेखि उनीहरूको गतिविधि पहिलेभन्दा तीव्र थियो। मासिक चार/पाँच दिनसम्म होटलमा उनीहरूको बसाइ हुन्थ्यो।

# बौधीमाई नगरपालिकाको पाँचौं नगरसभा सम्पन्न

प्रस, रौतहट, २७ भदौ/

बौधीमाई नगरपालिकाको पाँचौं नगरसभा आइतवार सम्पन्न भएको छ।

नगरसभामा आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम नगरप्रमुख राजीवरञ्जन यादवले प्रस्तुत गरेका थिए।



तस्वीरः प्रतीक

पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, पशु, वित्तीय क्षेत्र, फलफूलखेती, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, सामाजिक क्षेत्र, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन, भाषा तथा संस्कृति, लैङ्गिक समानता तथा समावेशीकरण, वन, वातावरण विपद् व्यवस्थापन, युवा तथा खेलकूदसम्बन्धी नीति कार्यक्रममा प्रस्तुत गरिएको थियो। आव २०७८/७९ मा कुल अनुमानित आय ४३ करोड ६ लाख ६३ हजार ६३ रुपैयाँको आयव्यय प्रस्तुत गरिएको थियो। असार महीनामा नगरसभा र नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्नेमा आन्तरिक विवादका कारण ढिलाइ भएको हो। नगरसभामा वडाध्यक्ष, कार्यपालिका सदस्य, नगरका बुद्धिजीवी, सञ्चारकर्मीहरूलगायत सहभागी थिए।

जिल्लाका १६ वटा नगरपालिका र दुईवटा गाउँपालिकामध्ये तीनवटा नगरपालिकाको नगरसभा असार महीनामा भएन। बौधीमाई नगरपालिकाको नगरसभा आज भएपनि देवाही गोनाही र गरुडा नगरपालिकाको नगरसभा अझै हुन सकेको छैन।






# प्रहरी हिरासतबाट लागूऔषधका आरोपी फरार

प्रस, वीरगंज, २७ भदौ/

प्रहरी हिरासतबाट एकजना लागूऔषध मुद्दाका आरोपी फरार भएका छन्। नारायणी अस्पताल वीरगंजमा उपचारार्थ भर्ना भएका चितवनको भरतपुर महानगरपालिका-३ निवासी १६ वर्षीय विक्की सोनार आइतवार बिहान फरार भएका हुन्।

भदौ १६ गते २१ थान फेनारगनसहित सोनार पक्राउ परेको र उनीविरुद्ध लागूऔषध मुद्दा दर्ता भएको थियो। भदौ २२ गते सोनारले हिरासतमा नै रगत छादेपछि उनलाई उपचारको लागि नारायणी अस्पतालमा भर्ना गरिएको थियो। भर्नाको क्रममा आज बिहान ८ बजे उनी फरार भएको प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए। सोनारको निगरानी गर्न अस्पतालमा हवल्दार खटेका थिए। हतकडीसहित अस्पतालमा उपचार गराइरहेका सोनार हतकडी फुकालेर फरार भएको घटनाले उनको निगरानीमा खटेका हवल्दारमाथि शङ्का गरिंदैछ। हवल्दारसँग यस विषयमा छानबिन भइरहेको बताइएको छ।

### मास्क नलगाउनेले सेवा.....

ध्यानमा राखेर मास्क लगाउने अभियानलाई प्रादेशिक कोभिड सङ्कट व्यवस्थापन केन्द्रले प्राथमिकता दिएको हो। सर्वसाधारणलाई मास्क प्रयोग गर्न लगाउने सम्बन्धमा सञ्चारमाध्यममा जनचेतनामूलक विज्ञापन प्रकाशन र प्रसारण गराउने पनि केन्द्रको बैठकले निर्णय गरेको जनाइएको छ। मुख्यमन्त्री गद्दीको अध्यक्षतामा सम्पन्न बैठकमा सरोकारवाला निकायका प्रतिनिधिको पनि सहभागिता थियो।

# भन्सार छलीका सामान बरामद

प्रस, वीरगंज, २७ भदौ/

सशस्त्र प्रहरीले भन्सार छली भित्र्याएको लाखौं मूल्यको औषधि र किराना सामान बरामद गरी राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाएको छ।

सशस्त्र प्रहरी १३ नं गण हेडक्वार्टर वीरगंजको टोलीले सूचनाको आधारमा एकीकृत सुरक्षा जाँच चौकी आइसिपीबाट भित्रिएको ना.२ख ९३५७ नम्बरको ट्रकलाई शनिवार नियन्त्रणमा लिएको थियो। ट्रकमा औषधि र किराना सामान रहेको सशस्त्र प्रहरीले जनाएको छ। ट्रकमा लोड सामान र चालकसँग रहेको बिलबिजकविपरीत सामान भएका कारण ट्रक र सामान नियन्त्रणमा लिएर कारबाईको लागि राजस्व अनुसन्धान, पथलैया चलान गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका अनुसार ट्रकबाट २६ लाख मूल्यबराबरका औषधि, किराना सामान बरामद भएको थियो।

# आइतवार तीनजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, २७ भदौ/

पर्सा, बारा, रौतहट गरी आइतवार तीनजना सङ्क्रमित पुष्टि भएका छन्।

नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ३८ जनाको स्वाब परीक्षण गर्दा पर्सा, बारा र रौतहटका एक/एक जना सङ्क्रमित भएको बताए।

सङ्क्रमित पुष्टि हुनेमा दुईजना पुरुष र एकजना महिला छन्। भदौ २० देखि २७ गतेसम्म १८७ जनाको स्वाब परीक्षण गर्दा छजना सङ्क्रमित पुष्टि भएको बताए। आज तीनजना र यसअघि २०, २१ र २५ गते एक/एक जना गरी तीनजना सङ्क्रमित पुष्टि भएका थिए।

पछिल्लो चरणमा नारायणी अस्पतालमा पिसिआर परीक्षण घटेको र सङ्क्रमित सङ्ख्या पनि घटेको छ। अस्पतालमा सक्रिय सङ्क्रमित एकजना पनि छैन।

छिटपुट सङ्क्रमित हुनेहरू होम आइसोलेशनमैं बस्ने गरेका छन्।